चाडपर्वको संरक्षण र संवर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।
हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratEEKdaily.com

जनहितमा जारी सन्देश
- देशभरि हैजा देखापरिरहेको छ। सफा-सुग्घर तथा स्वस्थकर वातावरण बनाऔं ।
- बासी खाना नखाउँ, पानी सफा, सकभर उमालेर खाऔं ।
- सडक, फूटपाथमा जथाभावी सामग्रीले बनाएको खाना-नाश्ता बहिष्कार गरौं ।
- नित्य स्नान, व्यायाम, प्रातःभ्रमण गरौं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ २८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 13 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७

## दुधौरा खोलाको बेलिब्रिज कमजोर बन्दै

प्रस, निजगढ, २६ भदौ/

पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत बाराको दुधौरा खोलाको डाइभर्सनमा जडान गरिएको बेलिब्रिज कमजोर हुँदै गएको छ ।

बेलिब्रिजमा जडान भएका कतिपय




नटबोल्ट खुस्किएको अवस्थामा छन् भने सवारीसाधन गुड्ने कतिपय फलामे पाताहरूमा प्वाल पनि परेका छन् र अधिकांश पाता हल्लिएर कमजोर भइसकेका छन् ।

कमजोर भएको बेलिब्रिजबाट दुर्घटना हुन सक्ने सम्भावना अधिक बन्दै गएको छ । खोला पार गर्न बेलिब्रिजबाट डर, त्रास मानी जानुको अर्को विकल्प छैन । वीरगंजदेखि जनकपुर आवतजावत गर्ने एक यात्रुवाहक बसचालकले बताए । एक वर्ष अघिसम्म यो बेलिब्रिज ठीकै थियो । तर अहिले भने डरलाग्दो अवस्थामा पुगिसक्दा पनि सम्बन्धित निकाय मौन छ ।

गाडीको चक्का बेलिब्रिजमा पर्दा मुटुले ठाउँ छोड्न थाल्छ, यो बाटो दैनिक मालवाहक ट्रक सञ्चालन गर्दै आएका अर्का एकजना चालकले बताए । उनले बेलिब्रिजको यात्रा गर्दा भगवान्लाई सम्झँदै पार गर्ने गरेको बताए ।

बेलिब्रिज अलि वरपर राजमार्गमा ट्राफिक चेकिङ हुन्छ । तर कमजोर बेलिब्रिज मर्मत गर्न सम्बन्धित निकायलाई ट्राफिक प्रहरीहरूले हालको पुलको अवस्थालाई हेर्दा जानकारी गराएको देखिन्न । बेलिब्रिजबाट सवारीसाधनहरू सञ्चालन बन्द हुने हो भने डाइभर्सनबाट सञ्चालन गर्न झनै कठिनाइ छ । ठाउँठाउँमा खाल्डाखुल्डी यतिका छन् कि सवारीसाधनहरू सञ्चालन गर्न सकिँदैन ।

बेलिब्रिजको अवस्था जीर्ण बन्दै गएको कारण चार महीनापछि अहिले डाइभर्सनका खाल्डाखुल्डी पुर्ने कार्य भएको छ, त्यो पनि आधा अधूरो पारामा । करीब तीन किलोमिटरनजीकै बाराको पथलैयामा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, मधेस प्रदेश कार्यालय छ । यही बेलिब्रिज र डाइभर्सन हुँदै ट्राफिक प्रहरीहरूको समेत आवतजावत हुन्छ । तर पनि बेलिब्रिज र डाइभर्सनमा चरम लापरवाही र बेवास्ता छ ।

दुर्घटना हुन सक्ने स्थानहरूको बेलैमा यकीन गरी सम्बन्धित सरोकारवाला निकायमा मर्मतसम्भारको लागि पहल गर्नमा ध्यान जानुपर्ने हो ।

पुलको काम अलपत्र छोडेर महीनौं दिनसम्म लापता भएको ठेकेदार कम्पनीविरुद्ध बाराका सांसद कृष्णकुमार श्रेष्ठले मन्त्रालयमा गएर यथाशीघ्र पुल निर्माण गराउन पहल गरेपछि पुनः निर्माण कार्य शुरू भएको छ तर कछुवा चालमा भइरहेको पुल निर्माण आगामी वर्षमा पनि पूरा हुने सम्भावना देखिन्न । सांसद श्रेष्ठले संसद्मा सरकारले भुक्तानी नदिने, ठेकेदारले काम नगर्ने अनि जनताबाट गाली भने जनप्रतिनिधिहरूले खानुपर्ने विचित्रको अवस्था रहेको उनले टिप्पणी गरेका थिए ।

दुधौरा पुल निर्माण कार्य गर्न महादेव/खिम्ती/हीराचन जेभी काठमाडौंले तीन वर्षभित्र काम सम्पन्न गर्नेगरी ठेक्का सकार गरेको थियो । सरकार र ठेकेदार कम्पनीको चरम लापरवाहीका कारण २०७७ सालमा निर्माण सम्पन्न भइसक्नुपर्ने पुल अहिले २०८१ भदौ महीना बित्नै लाग्दासम्म पूरा भएको छैन ।

हालसम्म दुधौरा पुलको कार्यप्रगति बढीमा ८५ प्रतिशत सकिएको देखिन्छ । बाँकी १५ प्रतिशत काम सम्पन्न गर्न अझै कति समय लाग्ला बुझिनसक्नुभएको छ ।

तोकिएको समयभित्र काम सम्पन्न नहुने देखेपछि दुधौरा पुल निर्माण कम्पनी महादेव/खिम्ती/हीराचन जेभी काठमाडौंलाई अन्तिमपटक समय थप भन्दै पुल सेक्टर काठमाडौंले २०८१ साउन मसान्तसम्म म्याद बढाएको थियो । तर सो अवधिमा पनि कार्य सम्पन्न भएन । ठेकेदार कम्पनीलाई पर्याप्त समय प्रदान गरिएको तर पनि समयमा काम सम्पन्न नगरेको पुल सेक्टर काठमाडौंका इन्जिनीयर नितेश झा बताउँछन् । उनले अब यो पुल निर्माण अवधि आगामी मङ्सिर मसान्तसम्म थपिएको बताए । उनले पुलको स्थलगत अनुगमन गर्दै समयमा बन्न नसक्नु दुर्भाग्यपूर्ण भएको बताए ।

ठेकेदार कम्पनी महादेव/खिम्ती/हीराचन जेभी काठमाडौं र पुल विभाग महाशाखा काठमाडौंको जुहारीले दुधौरा खोला डाइभर्सन भएर आवतजावत गर्ने यात्रुहरूले दैनिक सास्ती भोग्दै आइरहेको स्थानीय अटोचालक जीतबहादुर खत्री बताउँछन् ।

ठेक्का सम्झौता अनुसार तीन वर्षभित्र निर्माण सम्पन्न गर्नुपर्ने भएपनि सरकार र पुल सेक्टरले दुई वर्ष ढिलो गरी बेलिब्रिज उपलब्ध गरायो । जसका कारण जीर्ण अवस्थामा रहेको पुरानो पुललाई भत्काउँदा सवारीसाधन आवागमनमा कठिनाइ हुने हुँदा पुल भत्काउन ढिला भएकोले निर्माण कार्यमा बाधा परेको ठेकेदार कम्पनीका इन्जिनीयर अजयकुमार झाले बताए ।

ठेकेदार कम्पनीले चार लेन, दुई स्पान, ९० मिटर लम्बाइको उक्त पुल निर्माण सम्पन्न गर्न मूल्य अभिवृद्धि करबाहेक १५ करोड २२ लाखमा ठेक्का सकार गरेको पुल विभाग महाशाखा काठमाडौंले जनाएको छ । यस अघि ठेकेदार कम्पनीले आफूले सम्पन्न गरि सकेको कामको भुक्तानी सरकारले नदिएको भन्दै सरकारकै आलोचना हुने गरी सार्वजनिकरूपमा बोर्ड राखेर यात्रुहरूलाई रकम भुक्तानीमा सरकारसँग पहल गरिदिन आग्रह गरेको थियो ।

## तेरापन्थद्वारा आयोजित तेस्रो दिनमा १३६ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २७ भदौ/

तेरापन्थ युवक परिषद्ले भदौ २५




गतेदेखि असोज ४ गतेसम्म ११ दिने रक्तदान कार्यक्रम सञ्चालन गरेको आज तेस्रो दिन दुई स्थानमा आयोजित रक्तदान कार्यक्रममा नौजना महिलासहित १३६ जनाले रक्तदान गरेका छन् ।

बारा जिल्लाको जीतपुरस्थित नन्दन घ्यू तथा आयल कम्पनीमा आयोजित रक्तदान कार्यक्रममा चारजना महिलासहित १११ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

यसैगरी, सिमराको किरण आँखा अस्पतालमा आयोजित रक्तदान कार्यक्रममा पाँचजना महिलासहित २५ जनाले रक्तदान गरेका केन्द्रका प्राविधिक मनीष कुमारले बताए ।

दुवै रक्तदान कार्यक्रममा सुरेन्द्र राउत, समीर अहमद, सञ्जय दास, राकेश तिवारी, धर्मेन्द्र साह, रोशन खड्का, सुवास रेग्मी, श्याम लामा, अञ्जुदेवी दास, दिनेश चौधरी, सुरज झा, महावीर सिंह, सन्तोष कर्ण, नवीन श्रेष्ठ, रञ्जीत गुप्ता, राहुल घिमिरे, माया विक, राकेश शर्मा, प्रमिला घिमिरे, गोपाल यादवलगायतले रक्तदान गरेका केन्द्रका प्राविधिक कुशवाहाले बताए ।

तेरापन्थ युवक परिषद्ले भदौ २५ देखि असोज ४ गतेसम्म ११ दिनमा १५ सय पिन्ट रगत सङ्कलनको लक्ष्य लिएको छ र तेस्रो दिनसम्म ३७३ पिन्ट रगत सङ्कलन गरिसकेको छ ।

## वर्षाले कालोपत्र सडकमा खाल्डो

प्रस, पोखरिया, २७ भदौ/

पोखरिया-वीरगंज सडकखण्ड अन्तर्गत गर्दौल र बैरियाबीचमा पर्ने कल्भर्ट छेउमा खाल्डो परेर सवारीसाधन आवतजावतमा समस्या भएको छ ।

हिजो बुधवार रातिको वर्षाले कल्भर्ट



छेउको माटो बगाएर कालोपत्र सडकमा खाल्डो परेको र आवतजावतमा समस्या भएको स्थानीय रामकलश चौरसियाले बताए ।

पोखरिया-वीरगंज अन्तर्गत हुलाकी सडकमा दैनिक हजारौंको सङ्ख्यामा सवारीसाधनहरूको आवतजावत हुने गर्छ ।

खासगरी रात्रिकालीन सवारीसाधनहरू खाल्डोमा परेर दुर्घटनाको शिकार हुन सक्ने भन्दै चौरसियाले छिटो मर्मतका लागि आह्वान गरेका छन् ।

## मधेस प्रदेश सरकारका अर्बौंका योजनाहरू अलपत्र

प्रस, वीरगंज, २७ भदौ/

मधेस प्रदेश सरकारले ल्याएका लोकप्रिय भनिएका अर्बौं लगानी भएका योजनाहरू अहिले अलपत्र अवस्था छन् ।



साइकल वितरण गर्दै मधेस प्रदेश पहिलो मुख्यमन्त्री गट्टी । तस्वीरः फाइल

सङ्घीयतापछि गठित मधेस सरकारका पहिलो मुख्यमन्त्री लालबाबू राउत गद्दी र उनका मन्त्रीहरूले प्रदेश दौडाहा गरेर नयाँ किसिमका योजनाहरू ल्याएको दाबीसहित त्यसको व्यापक प्रचारप्रसार गरेका थिए ।

त्यतिखेर तत्कालीन मुख्यमन्त्री गद्दीले अधिकांश कार्यक्रम आफ्नो सचिवालयबाट नियन्त्रित हुनेगरी योजनाहरू सञ्चालनमा ल्याएर अर्बौं रुपैयाँ लगानी गराएका थिए । ती योजनाहरूको प्रचारप्रसार, कर्मचारी भर्ना, एम्बेस्डर नियुक्ति, स्टेज बनाउनमा करोडौं रकम खर्च गरेका थिए । तर ती योजनाहरू अहिले कहाँ कुन अवस्थामा छन् भनेर वर्तमान मधेस प्रदेश सरकारले निरन्तरता प्रदान गर्ने कुरा त परै जाओस् खोजीसम्म पनि गरेको छैन ।

पूर्वमुख्यमन्त्री गद्दीले अगाडि सारेका योजनाहरू मधेसमा छोरी जन्मने बित्तिकै लखपति हुने, छोरीलाई निश्शुल्क लोकसेवा कक्षा सञ्चालन, शहीद परिवार एक रोजगार, छोरी बीमा, बेटी पढाउ बेटी बचाउ, मुख्यमन्त्री स्वच्छता अभियान, एक निर्वाचन क्षेत्र पाँच किमी कालोपत्र सडक निर्माण, छात्रा साइकल वितरण, ल्यापटप वितरण, छोरी शिक्षा बीमा, मधेसको राजधानी जनकपुरबाट आठ जिल्लाका सदरमुकामसम्म बस सञ्चालन जस्ता योजनाहरूलाई तत्कालीन मधेस प्रदेश सरकारले महत्त्वका साथ सञ्चालन गऱ्यो तर अहिले ती सबै योजना ओझेलमा परेका छन् ।

सत्ता परिवर्तन भएपछि जिम्मेवारी वहन गर्न छोडेको वा योजनाहरूलाई जनताले मन नपराएको भन्दै नेताहरूद्वारा नै प्राथमिकतामा नपरेपछि ती योजनाहरू अलपत्र परेका हुन् । तत्कालीन अवस्थामा सञ्चालित मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत पोखरी सौन्दर्यीकरणको अवस्था त झनै दयनीय छ ।

तत्कालीन भौतिक पूर्वाधार मन्त्री जीतेन्द्र सोनलले खरीद गरेका बसहरू अहिले मन्त्रालयमा त्यतिकै थन्किएर थोत्रो अवस्थामा छन् । छोरी बीमा भएपनि छोरीहरूको खातामा एक पैसा पनि पुगेको छैन । साइकल, ल्यापटप खरीदमा अख्तियार लागेपछि दर्जनौं कर्मचारी निलम्बनमा परेर मुद्दा खेपिरहेकाले सो कार्यक्रमका लागि खरीद भएका हजारौं साइलक अहिले गोदाममा थन्किएका छन् । अख्तियारको भयले गोदाममा बिग्रिरहेको साइकललाई कसैले वितरण गर्ने साहस देखाउन सकेका छैनन् ।

विधि विधान अनुसार काम नभएकोले मधेस प्रदेशमा यो बेथिति निम्तिएको कर्मचारीहरू बताउँछन् । यी योजनाहरूका चाहिने सामान सम्बन्धित मन्त्रालयमार्फत खरीद हुनुपर्नेमा सो नभएर मुख्यमन्त्रीको कार्यालयबाट सीधा खरीद, वितरण हुँदै आएको थियो । यसका साथै अन्य योजनाहरूको दायित्व पनि मुख्यमन्त्रीको कार्यालयबाट हुने गरेकाले तत्कालीन अवस्थामा व्यापक अनियमितता भएको आरोप लागेको हो ।

यसका अलावा तत्कालीन मधेस प्रदेश सरकारले आफू मातहतका कर्मचारीहरूलाई यी सामान खरीदका लागि परिचालन नगरी बाहिरका मानिसहरू परिचालन गरिएको र कमिशनलाई मात्र प्राथमिकता दिएर काम भएको कर्मचारीहरूको गुनासो छ ।

तत्कालीन मधेस प्रदेश सरकारले शुरू गरेका योजनाहरूलाई दोस्रो मुख्यमन्त्री सरोजकुमार यादव र तेस्रो मुख्यमन्त्री सतीशकुमार सिंहले पनि प्राथमिकता दिएका छैनन् । यादव पहिलो मुख्यमन्त्री गद्दी रहेकै पार्टी जसपासँग आबद्ध हुन् भने सिंह जनमत पार्टीका हुन् ।

## पत्रकार सुदर्शनराज पाण्डे रहेनन्

प्रस, वीरगंज, २७ भदौ/

पत्रकार सुदर्शनराज पाण्डेको



बिहीवार शिक्षण अस्पताल काठमाडौंमा निधन भएको छ ।

गत बिहीवार भदौ १३ गते बिहान पत्रकार पाण्डे बारा जिल्ला, जीतपुरसिमरा उपमहानगर अन्तर्गतको डुमरवानास्थित घरमा बिरामी भएपछि उनलाई तत्काल नारायणी अस्पतालमा भर्ना गरिएको र त्यहाँ उपचार सम्भव नभएपछि काठमाडौंस्थित त्रिवि शिक्षण अस्पतालमा भर्ना गरिएको थियो ।

भदौ १४ गते शुक्रवार आइसियूमा भर्ना भएका पत्रकार पाण्डेको अवस्था बिग्रिएपछि उनलाई भदौ १५ गतेदेखि भेन्टिलेटरमा राखिएको थियो । करीब दुई साता भेन्टिलेटरमा रहेका उनको आज निधन भएको हो । वीरगंज र शिक्षण अस्पतालमा गरी दुई दिन होशमा रहेका पत्रकार पाण्डे अचेत भएर भेन्टिलेटरमा थिए र अचेत अवस्थामैं उनको आज निधन भएको हो ।

नौबिसे मूल घर भएका पत्रकार पाण्डे चार दशकभन्दा बढी समयदेखि वीरगंजलाई कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दै आएका थिए । उनी हाल उत्थान साप्ताहिकका सम्पादक थिए । पत्रकार पाण्डेकी पत्नी बिन्दु पाण्डेको यस अघि नै देहान्त भइसकेको छ भने एकजना छोरा जनयुद्धमा मारिएका थिए । अहिले उनको एकजना छोरा र छोरी छन् ।

स्व पाण्डे नेपाल पत्रकार महासङ्घ पर्साका पूर्वसचिव र केही समय प्रतीक दैनिकमा स्तम्भलेखनमा संलग्न थिए ।

## विचारसार र सूक्तिहरू

**जुन व्यक्तिमा अहमत्याइँ हुन्छ, उसले आफ्नोलागि आफैंले खाल्डो खनिरहेको हुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# वनकर्मीलाई जिम्मेवार बनाऊ

**मधेस प्रदेशमा वन सीमा अतिक्रमण एक गम्भीर समस्या बनेको छ । प्रदेश सरकारले जारी गरेको तथ्याङ्क अनुसार यहाँको वन क्षेत्रमा पाँच हजार ६९२ हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको देखियो । मधेसमा वनजङ्गलको कुल क्षेत्रफल करीब दुई लाख हेक्टर छ । सोमध्ये पाँच हजार ६९२ हेक्टर अर्थात् २.८ प्रतिशत क्षेत्र अतिक्रमणको चपेटमा परेको हो । हाम्रो मुलुकमा वनजङ्गल, बुटयान क्षेत्रले करीब ६२ लाख हेक्टर क्षेत्र ओगटेकोमा करीब एक लाख हेक्टर अर्थात् १.६ प्रतिशत क्षेत्र अतिक्रमणमा परेको छ । मधेसमा भएको वन अतिक्रमण दर, मुलुकको समग्र अतिक्रमण दरभन्दा निकै उच्च छ । सातवटा प्रदेशमध्ये पनि सबैभन्दा बढी प्रतिशत वन क्षेत्र मधेस प्रदेशमा अतिक्रमणमा परेको देखिन्छ। समस्या घट्नेतर्फ होइन कि, बढ्दै गइरहेको छ ।**

**वन अतिक्रमणको मुख्य कारण वन कर्मचारी र सुरक्षा निकायहरूको लापरवाही हो । किनभने वनकर्मीविहीन वन क्षेत्र छैन । हरेक वन क्षेत्र कुनै न कुनै वन एकाइ मातहत पर्छ। त्यस एकाइमा वन प्रशासन, सशस्त्र सुरक्षाकर्मी तैनाथ छन् । उनीहरूको सहयोगका लागि आसपासका क्षेत्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका एकाइहरूलाई समेत सरकारको निर्देशन छ । त्यसैगरी स्थानीय उपभोक्ता र सामुदायिक तथा साझेदारी वन एकाइहरू पनि वनले परिचालन गर्न सक्ने अवस्थामा छन् । व्यक्तिले आफ्नो घर, घडेरी तथा खेतबारीको आली, धुरी, साँध, किल्ला रक्षा गरेजस्तै वन एकाइलाई सम्बन्धित क्षेत्रको वन सीमा, आली, किल्ला हेर्न र सुरक्षाका लागि जिम्मेवारी दिइएको हुन्छ। सकिन्छ वनले एक्लै गर्ने, सकिंदैन भने अरूसँग समन्वय र सहकार्य गरेर भएपनि जिम्मेवारी निभाउनु उसको दायित्व हो। वनकर्मीको सुरक्षा खतरामा पर्न यतिबेला मुलुकमा सशस्त्र द्वन्द्व छैन, चम्बलको घाँटीमा जस्तो डाँकाहरू पनि यहाँ छैनन् । इमानदारीका साथ वन कर्मचारी लागिपर्ने हो भने, वन अतिक्रमण र चोरी तस्करी नियन्त्रण गर्न सकिन्छ। यसको निम्ति वनकर्मीसँग रहेका हालको स्रोतसाधन र जनशक्ति पर्याप्त छ । वन अतिक्रमण गरेर संधियारले कहीं बोकेर जाँदैन । कम्तीमा महीनामा एकपटक पनि वनकर्मीले वन सीमा क्षेत्र निरीक्षण गर्ने हो भने, सीमा अतिक्रमण भएको थाहा पाउन सकिन्छ। ताजा अतिक्रमण हटाउन गाह्रो हुँदैन। गाह्रो भन्ने त बहाना मात्रै हो, या अतिक्रमणकारीसँगको मिलेमतो हो । वनकर्मीको भूमिका सही हुने हो भने अतिक्रमणकारीहरू कानूनदेखि डराउँछन् ।**

**मधेसमा नै अतिक्रमणको दर उच्च हुनुले पनि वन कर्मचारीतर्फ प्रश्न उठाएको छ। यहाँको जमीन मूल्यवान् छ। अतिक्रमणकारीले वन कर्मचारीसँग रकम खर्च गरेर भएपनि मिलेमतो गर्न चाहन्छन् । अझ भन्नुपर्दा मधेसका वनसीमा अतिक्रमणकारीहरूको तुलनामा अन्यत्रका वन अतिक्रमणकारीहरूले खर्च गर्न सक्दैनन् । वन कर्मचारीहरूमा केवल सुविधा र लाभको पछि दौड्ने प्रवृत्ति हाबी छ । जिम्मेवारीको काम नगर्ने अनि हाकिम वा राजनीतिक शक्तिको आड लिएर काम चोर्नेहरू त झन् सङ्गठनका लागि क्यान्सर साबित भएका छन् । वन अतिक्रमण हटाउन सबैभन्दा पहिले वन कर्मचारीहरूको कार्यक्षेत्र र कर्तव्यबोधलाई सुधार्न आवश्यक छ । उनीहरूलाई वन संरक्षणका लागि समर्पित गरिनुपर्छ । जिम्मेवारी निर्वाह नगर्ने र अवैध गतिविधिहरूमा संलग्न हुनेहरूमाथि शून्य सहनशीलता अपनाइ निर्मम कारबाई गरिनुपर्छ भने, इमानदारको हौसला पनि बढाउनुपर्छ ।**

# इपिजी प्रतिवेदनको कार्यान्वयनमा हतार किन ?

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**कूटनीतिकरूपमा हल गर्नुपर्ने विषयमा प्रधानमन्त्री ओलीले हल्कारूपमा भाषणबाजी गर्दा भारतले पनि सो विषयमा आफ्नै हिसाबले प्रतिक्रिया गर्ने सम्भावनालाई खारेज गर्न सकिंदैन । सूर्यनाथ उपाध्याय जलस्रोत विज्ञ हुन् तर नेपालले भारतसित जलस्रोत सहकार्य गर्दा नेपाललाई हानि हुने ठम्याइ उनको रहेको छ ।**

जब कुनै नेता अथवा व्यक्तिका बारेमा कुनै किसिमको बुझाइ अलग तरिकाको बनिसकेको हुन्छ अनि त्यसमा परिवर्तन ल्याउन गाह्रो हुन्छ। वर्तमानको गठबन्धन सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो कार्यकालमा भारतविरोधी प्रधानमन्त्रीको रूपमा आफ्नो पहिचान बनाइसकेका छन्। उनी आफ्नो यस पुरानो पहिचानबाट बाहिर आउन खोजे पनि त्यो सम्भव भइरहेको छैन । हुनत उत्तरी छिमेकी चीनसित पनि उनको खासै राम्रो सम्बन्ध छैन । होइन भने उनी प्रधानमन्त्री रहेकै बखत नेपालसँग जोडिएको चीनको सीमानाका वर्षौंसम्म किन बन्द रहन्थ्यो। प्रधानमन्त्री ओलीको यो कार्यकाल छिमेकी मित्रराष्ट्रहरूसित सुमधुर सम्बन्ध बनाइ देशको आर्थिक विकासमा केन्द्रित रहने अपेक्षा गरिएको थियो । तर भारत विरोधका लागि चर्चित नेपालका भूतपूर्व परराष्ट्रमन्त्री कमल थापाको पुस्तक विमोचन समारोह र जलस्रोतविद् एवं वामपन्थी बुद्धिजीवी सूर्यनाथ उपाध्यायको पुस्तक समारोह, जो मूलतः भारतसँग सम्बन्धित अथवा भारत विरोधमा आधारित छन्, मा आफ्नो सहभागिता जनाइदिएका केही अभिव्यक्ति भारतलाई ठीक नलागेको हुन सक्छ। भनिन्छ, संयुक्त राष्ट्रसङ्घको महासभामा विश्वभरिकै नेताहरू सहभागिता रहेको बखत नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको भेटवार्ता दक्षिणी छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग हुने अपेक्षा गरिन्छ । तर अहिलेदेखि केही सञ्चारमाध्यमहरूले यसको सम्भावना नरहने अनुमान लगाइरहेका छन् ।

नेपाल र भारतबीचको सम्बन्धमा सधैं नै असमानता हेर्ने नेपालका वामपन्थीहरू भारतको नाम सुनेपछि त्यसमा अनर्थ मात्रै हेर्ने गर्छन्। पञ्चायती राष्ट्रवादका पक्षधर स्वाभाविकरूपमा नै यसको विरोध गर्छन्। नेपालका वामपन्थी दलहरूको चर्को विरोधका कारण भारतले पनि यसमा आफ्नो सहमति जनाइसकेको छ। दुई देशबीचको परस्पर हितसँग सम्बन्धित विषयमा भएका सन्धि र सम्झौताको समीक्षाका लागि दुई देशद्वारा प्रबुद्ध व्यक्ति समूहको गठन पनि गरियो । त्यस समितिमा भारतले सिक्किमका महेन्द्र पी लामा, उत्तराखण्डका डा बिसी उप्रेती, बिहारका जयन्त प्रसाद र उत्तराखण्डकै भगत सिंह रोश्यारीको नामलाई प्रस्तावित गऱ्यो, जबकि नेपालले भने भूगोलको वास्ता गरेन। काठमाडौं केन्द्रित चारैजना बुद्धिजीवी वामपन्थी पृष्ठभूमिका थिए। नेपालका वामपन्थीहरूले जस्तो प्रतिवेदन चाहेका थिए, त्यस्तै प्रतिवेदन पनि बनाइएको थियो होला। किनभने तराई–मधेसका जनताको पीडा, समस्या अवस्थासित उनीहरूको सरोकार हुने प्रश्न नै भएन ।

दुवै देशद्वारा गठित प्रबुद्ध व्यक्ति समूहले तयार पारेको प्रतिवेदन दुवै देशका प्रधानमन्त्रीले बुझ्न र तत्पश्चात् त्यसबारे सरकारीस्तरमा विचारविमर्श हुनेछ। भारतका प्रधानमन्त्रीले त्यो प्रतिवेदन बुझ्ने र त्यसपछि नेपालका प्रधानमन्त्रीले सोही प्रतिवेदन बुझ्ने कुरा सहमतिमा उल्लेख छ। नेपालका वामपन्थीहरूको निम्ति यो एउटा गतिलो राजनीतिक मुद्दा हो। आफ्ना मतदाता, समर्थक र बुद्धिजीवीहरूलाई पनि विश्वासमा लिन नेपालका वामपन्थीहरू सफल भइसकेका छन् । नेपालका प्रत्येक समस्याको मूल कारण त्यही सन्धि–सम्झौता नै हो। भारतसित भएका सन्धि–सम्झौता खारेज हुने बित्तिकै नेपालमा जागीरको बाढी पनि आउनेछ । देश आर्थिकरूपले सम्पन्न पनि हुनेछ र नेपाल विश्वकै प्रमुख शक्ति बन्नेछ, तिनका समर्थक, मतदाता र कार्यकर्ताहरू शुरुदेखि नै पार्टीको लाइनलाई सम्झिसकेका छन् । थप सम्झाउनुपर्ने अवस्था छैन ।

चुच्चे नक्शा पनि हतारहतारमा यसै उद्देश्यका साथ ल्याइएको थियो। नक्शा जारी भएपछि नेपालका सबैजसो समस्याको सजिलो समाधान हुनेछ । केपी शर्मा ओली प्रधानमन्त्री भएका बेला चुच्चे नक्शा जारी गरे । नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पनि सोही प्रतिस्पर्धामा सहभागी भए र देशको रुपैयाँमा चुच्चे नक्शा छाप्न लगाए । नक्शा छाप्दैमा भूभाग हासिल हुँदैन भन्ने यथार्थ बुझ्न र बुझाउन नेपालमा आवश्यक छैन किनभने हामी नेपालीहरू शुरुदेखि नै समझदार र बुद्धिजीवी छौं ।

केपी शर्मा ओली पहिलोपटक प्रधानमन्त्री भएका बखत उनले दक्षिणी छिमेकी भारतसितको निर्भरता कम गर्न उनले उत्तरी चीनसित एक दर्जनभन्दा बढी सम्झौता गरे । भारतमाथिको निर्भरतालाई कम गरी चीनसित व्यापार र पारवहन सम्झौता गरे तर उनी प्रधानमन्त्री भएको दुई कार्यकाल २०७२–७३ र २०७४–७६ मा पनि उत्तरी छिमेकी चीनले आफ्नो सीमानाका खोलेन । कथंकदाचित् पारवहनप्रति हाम्रो निर्भरता भारतको साटो चीनसित रहेको भए हामी नेपाली भोकै मर्ने थियौं । केपी शर्मा ओलीको दोस्रो कार्यकालमा कोभिड–१९ को भीषण प्रकोप थियो र जनता गम्भीर सङ्कटमा थियो । त्यति बेला सत्ताधारी नेकपाभित्रको कलह जो सत्ता र कुर्सीको लागि केन्द्रित थियो, उत्कर्षमा थियो । ओलीले आफ्नो सत्ता टिकाउन चुच्चे नक्शा संसद्बाट पारित गराएका थिए। नेपाल र भारतको सम्बन्धलाई राम्रो बनाउन प्रयास गरेनन् । आफ्नो तेस्रो कार्यकालमा उनले इपिजीको प्रतिवेदनलाई मुद्दा बनाउन खोजेका थिए । गरीबी, बेरोजगारी र महँगी हाम्रो सरकारको प्राथमिकतामा छैन । जुन नाराले भोट बैंकलाई बलियो बनाउने गर्छ । त्यही काम राजनीतिक दलहरूले गर्ने गर्छन् ।

प्रधानमन्त्री ओलीले दुईपटक इपिजी प्रतिवेदनको विषयमा बोलिसकेका छन्। सूर्यनाथ उपाध्यायको पुस्तक ‘अन्तर्राष्ट्रिय जलप्रवाह कानून : नेपाल–भारत सहकार्यको दृष्टिकोण’ विमोचन कार्यक्रममा ओलीले भारतीय प्रधानमन्त्री मोदीलाई इपिजी प्रतिवेदन बुझ्न सन्देश दिएका थिए। ओलीले मोदीले प्रतिवेदन रिपोर्ट बुझ्न फुर्सद नभएको होला भनी टिप्पणीसमेत गरेका थिए । कूटनीतिकरूपमा हल गर्नुपर्ने विषयमा प्रधानमन्त्री ओलीले हल्कारूपमा भाषणबाजी गर्दा भारतले पनि सो विषयमा आफ्नै हिसाबले प्रतिक्रिया गर्ने सम्भावनालाई खारेज गर्न सकिंदैन। सूर्यनाथ उपाध्याय जलस्रोत विज्ञ हुन् तर नेपालले भारतसित जलस्रोत सहकार्य गर्दा नेपाललाई हानि हुने ठम्याइ उनको रहेको छ। अहिले दक्षिणी छिमेकी भारतसित भएका जलस्रोत सम्झौताबाट नेपाललाई नै बढी लाभ भइरहेको छ। तर नेपालका वामपन्थीहरूलाई यो कुरा मन परेको छैन ।

त्यसैगरी, नेपाली राजनीतिको भष्मासुर कहलिएका कमल थापा (जो २०४६ सालतिर मन्त्री बन्दा पञ्चायत डुबाए, २०६१–६२ तिर मन्त्री बन्दा राजतन्त्र डुबाए, २०७२–७३ मा मन्त्री बन्दा आफ्नै पार्टीको सत्यनाश गरे)ले पनि ‘नाकाबन्दी र भूराजनीति’ नामक पुस्तकको विमोचन पनि ओलीबाट नै गराए । यस पुस्तकले अवश्य नै विक्रम संवत् २०७२ सालको संविधान निर्माणका बखतको मधेस आन्दोलनलाई स्मरण गराउनेछ । त्यति बेला यही भनिएको थियो कि संविधान जारी भएपछि स्वतः नेपालको आर्थिक विकास हुनेछ, गरीबी हट्नेछ र बेरोजगारीको अन्त्य हुनेछ तर केही पनि भएन ।

अब त संविधान जारी गर्ने दलहरू नै संविधानमा त्रुटि देखिरहेका छन् र संविधान संशोधनका लागि सम्झौतासमेत गरेका छन् । ३१ जुलाई १९५० मा नेपाल र भारतबीच शान्ति तथा मैत्री सन्धि भएको थियो । १० वटा धारा रहेको सो सन्धिका धारा ५, ६ र७ मा नेपाललाई असहमति रहेको देखिन्छ। धारा ५ अब व्यवहारमा छैन। नेपालले पञ्चायती व्यवस्थामा चीनबाट र बहुदलीय व्यवस्थामा बेल्जियमबाट हतियार ल्याइसकेको छ। र त्यसबारे भारतले कुनै प्रतिक्रिया नजनाएकोले यस धारालाई विवादमा ल्याउनुको कारण छैन । धारा ६ र ७ मा दुवै देशका नागरिकलाई एकअर्का देशमा राष्ट्रिय व्यवहार गर्ने कुरा उल्लेख छ । तर नेपालमा नागरिकता लागू गरिएका कारण भारतीयलाई यो सुविधा छैन तर नेपालीलाई भने भारतमा अहिले पनि धेरै सुविधा प्राप्त छ । यसमा नेपाललाई आपत्ति नहुनुपर्ने हो। नयाँ दिल्ली र काठमाडौंमा बसेर नेपाल र भारतबीचको सम्बन्धलाई बुझ्न सकिंदैन ।

# सार्वजनिक सेवा प्रसारण संस्था विधेयकमा भएका व्यवस्था

हेमन्त जोशी
काठमाडौं, २७ भदौ/रासस

राष्ट्रिय आमसञ्चार नीति, २०७३ ले परिकल्पना गरेको ‘सार्वजनिक सेवा प्रसारण’सम्बन्धी व्यवस्था कानून निर्माणको अन्तिम चरणमा छ ।

राष्ट्रियसभामा उत्पत्ति भएको ‘सार्वजनिक सेवा प्रसारण विधेयक’ शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफल भई उक्त समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाको मङ्गलवारको बैठकबाट पारित भएको हो।

नेपालमा हाल सञ्चालित सरकारी, निजी तथा सामुदायिक सञ्चारमाध्यमको भन्दा फरक प्रकृतिको स्वामित्व रहनेगरी सञ्चालनमा ल्याउन खोजिएको ‘सार्वजनिक सेवा प्रसारण संस्था’लाई कानूनी आधार प्रदान गर्न ‘सार्वजनिक सेवा प्रसारण विधेयक, २०८१’ ल्याइएको हो ।

दुई सरकारी सञ्चारमाध्यम नेपाल टेलिभिजन र रेडियो नेपाललाई गाभेर पुनर्संरचनासहित स्थापना हुने सार्वजनिक सेवा प्रसारण संस्था कस्तो हुन्छ ? र यसको कार्यसम्पादन कसरी हुन्छ ? भन्ने सवाल संसद्मा पनि उठेका थिए। यस्तो संस्थाको सञ्चालन एवं व्यवस्थापन, आर्थिक तथा प्राविधिक पक्ष, सम्पादकीय स्वतन्त्रता र निष्पक्षतालगायत विषयमा बढी चासो देखिएको छ ।

संस्था सञ्चालनका लागि सञ्चारमन्त्रीको अध्यक्षतामा एक परिषद् र सरकारबाट नियुक्त कार्यसमिति अध्यक्ष रहने संस्थाको सम्पादकीय स्वतन्त्रता कायम रहनेमा संसद्मा सांसदहरूले प्रश्न उठाएका थिए । यस्तो व्यवस्थापकीय प्रबन्धले सार्वजनिक सेवा प्रसारण संस्था विद्यमान सरकारी सञ्चार संस्थाहरूभन्दा फरक हुन सक्नेमा सांसदहरूले आशङ्का व्यक्त गरेका थिए । संस्थालाई संसद् मातहत राख्न सके सरकारको प्रतिछायाबाट मुक्त हुने र जनजीविकाका विषय समेट्न सक्ने धारणा पनि सांसदहरूबाट आएको थियो।

राष्ट्रिय आमसञ्चार नीतिमा राखिएको सार्वजनिक सेवा प्रसारणको अवधारणा अनुसार सरकारले विधेयक तयार पारेको र लोकतान्त्रिक मूल्य, मान्यता तथा स्वतन्त्र पत्रकारिताको मर्मलाई आत्मसात् गर्दै स्वच्छ, निष्पक्ष एवं जनताप्रति उत्तरदायी सञ्चारमाध्यमका रूपमा यो संस्था सञ्चालन गरिने सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको दाबी थियो ।

विधेयकले सार्वजनिक सेवा प्रसारण संस्थालाई एक अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित र सङ्गठित संस्थाका रूपमा परिभाषित गरेको छ । यस्तो संस्थाको नीति निर्माण गर्न तथा सो संस्थाले सम्पादन गर्नुपर्ने कार्यका लागि नीतिगत निर्देशन दिन सञ्चार तथा सूचना प्रविधिमन्त्रीको अध्यक्षतामा एक परिषद् रहने व्यवस्था विधेयकमा राखिएको छ। उक्त परिषद्मा अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव सदस्यका रूपमा रहनेछन् ।

त्यस्तै, विभिन्न पेशाकर्मी र समाजसेवीमध्येबाट प्रत्येक प्रदेश सरकारबाट एक/एक जनाका दरले मनोनीत सातजना सदस्य रहनेछन् । पिछडा वर्ग, अल्पसङ्ख्यक, किसान, श्रमिक, पिछडिएको क्षेत्र, पर्यटन, शिक्षालगायत क्षेत्रका प्रतिनिधित्व गर्नेगरी मन्त्रालयबाट मनोनीत कम्तीमा दुईजना महिलासहित सातजना पनि उक्त परिषद्मा रहनेछन् । त्यस्तै, जिल्ला समन्वय महासङ्घ, गाउँपालिका महासङ्घ र नगरपालिका सङ्घको प्रतिनिधिसमेत परिषद्मा अटाउने व्यवस्था राखिएको छ ।

श्रोता तथा दर्शक समूहका कम्तीमा एक महिलासहित मन्त्रालयबाट मनोनीत तीनजना, चलचित्र विकास बोर्डका अध्यक्ष, नेपाल पत्रकार महासङ्घका अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष, नेपाल विज्ञापन सङ्घका अध्यक्ष, मान्यताप्राप्त विश्वविद्यालयको पत्रकारिता विषयका प्राध्यापक वा सहप्राध्यापकमध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एक महिलासहित दुईजना सदस्य रहनेछन् । कार्यकारी समिति अध्यक्ष परिषद्को सदस्यसचिव रहने व्यवस्था विधेयकमा राखिएको छ ।

सार्वजनिक सेवा प्रसारण संस्थाको उद्देश्यप्राप्तिका लागि कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने, संस्थाका अध्यक्ष, सदस्य र कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता बनाइ लागू गर्ने, वार्षिक योजना तथा कार्यक्रम अनुसार भएको कामको समीक्षा गर्ने, सार्वजनिक सेवा प्रसारण सम्बन्धमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## सहकारी विवाद : समस्या र समाधान

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**१० प्रतिशतभन्दा बढी दरमा निक्षेपकर्ताहरूलाई ब्याज दिने कार्यलाई नेपाल राष्ट्र बैंकले गैरकानूनी वा अपराध ठहर गर्नुपर्छ। १० प्रतिशत वा राष्ट्र बैंकले तोकेकोभन्दा बढी दरमा ब्याज दिने वा दिन्छु भनी घोषण गर्ने सहकारी संस्थामाथि नेपाल राष्ट्र बैंकले कडा कारबाही गर्नुपर्छ।**

‘सहकारी’ शब्द अहिले विवादको शिखरमा छ। यो विवादले सामान्य नागरिक, व्यापारी एवं नेताहरूलाई तानेको छ नै, साथै मन्त्रीहरूलाई समेत पनि तानेको छ। एकमुस्टमा भन्ने हो भने सहकारी अहिले ठूलो राष्ट्रिय समस्या हुन पुगेको छ। र यो समस्याले व्यवस्थित एवं दीर्घकालीन समाधान खोजिरहेको छ। तर अचम्म ! सरकारले समाधान दिन सकेको छैन। सम्बन्धित पक्षहरू अलमलमा छन् वा समाधानविहीन छन्।

सहकारी विवाद एक अति नै गम्भीर समस्या भएकोले यो कुनै एक राजनीतिक दलको मात्र समस्या हो भनी बुझ्नु र सोही अनुसार समाधान खोज्नु राजनीतिक दलहरूको ठूलो भूल हुनेछ। यो एक राष्ट्रिय समस्या भएकोले र यसले नेपालको समग्र अर्थतन्त्रलाई ज्यादै नजीक र दीर्घकालीनरूपमा प्रभाव पार्ने भएकोले यो समस्याको समाधान सबै दलले मिलेर खोज्नुपर्ने देखिन्छ। साथै यो समस्या समाधान गर्न विज्ञ (अर्थशास्त्री, वित्त विशेषज्ञ आदि)को सहयोग लिन पनि आवश्यक छ। सम्बन्धित पक्षहरूको सहयोग लिन पनि आवश्यक छ।

सहकारी विवादबारे चर्चा गर्नुपूर्व नेपालको अर्थतन्त्रको गति र प्रकृतिबारे थाहा पाउन आवश्यक हुन्छ। नेपालको अर्थतन्त्रको गति सुस्त छ। अनिश्चित पनि छ। प्रकृति पनि विशेष किसिमको छ। सङ्क्षेपमा भन्ने हो भने नेपालको अर्थतन्त्रको प्रकृति परम्परागत किसिमको छ।

नेपालको अर्थतन्त्रलाई केवल विप्रेषणले थेगेको छ। राष्ट्रिय उत्पादनको स्थिति लगभग स्थिर छ। राष्ट्रिय उपभोगको लागि आवश्यक पर्ने लगभग सम्पूर्ण वस्तु चीन र भारतबाट आयात गर्नुपर्ने स्थिति छ। राष्ट्रिय उत्पादनको स्थिति दयनीय छ। निर्यातको स्थिति निराशाजनक छ। यस्तो विशेष किसिमको स्थितिमा कसैले आज लगानी (व्यापार) गरेर भोलिदेखि नै नाफा गर्छु, ठूलो नाफा गर्छु भनी सोच्नु र आफ्नो बचत लगानी गर्नु ठूलो भूल हुनेछ।

अर्थतन्त्र बलियो भएको स्थितिमा, निर्यात ठूलो परिमाणमा भएको स्थितिमा, देशभित्र उद्योग र व्यापार फस्टाएको समयमा आज लगानी गऱ्यो र भोलिदेखि नै मुनाफाको आस गर्नु उपयुक्त हुन सक्छ। राम्रो मुनाफाको आस गर्नु उपयुक्त हुन सक्छ। तर अस्थिर एवं अनिश्चित अर्थतन्त्रमा त्यस्तो देख्नु आफ्नो बचत वा लगानी डुबाउनु हो। यो कुरालाई अझ प्रस्ट पारौं। नेपालको सन्दर्भमा देशको अर्थतन्त्र अनिश्चित र अस्थिर भएको बेलामा कुनै सहकारी संस्था (व्यवस्थापन)ले आफ्ना निक्षेपकर्ताहरूलाई ‘हामी निक्षेपमा २५ प्रतिशत ब्याज दिन्छौं’ भनी घोषणा गर्छ भने उसको त्यो ठगी सरह हो। यो कसरी ठगी सरह हो ? यो ठगी सरह हो भन्नुका दुई कारण छन्।

पहिलो, सहकारीहरूले केन्द्रीय बैंक (जस्तै नेपाल राष्ट्र बैंक)ले तोकेको दरभन्दा बढी दरमा आफ्ना निक्षेपकर्ताहरूलाई ब्याज भुक्तान गर्न पाउँदैनन्। संसारभरिको प्रचलन अनुसार सहकारीहरूलाई निक्षेपमा कम ब्याज (५ वा ७ प्रतिशत) दिनु भनी केन्द्रीय बैंकले निर्देशित गरेको हुन्छ। यस्तो किन गरेको हुन्छ भने सहकारीको उद्देश्य मुनाफा आर्जन गर्नु होइन। कुनै पनि सहकारी संस्थाभित्रका सदस्यहरूले एकअर्कालाई सहयोग गर्नु नै सहकारी स्थापनाको मूल उद्देश्य हो। सहकारी संस्थाको स्थापना सहयोगको लागि भएको हुन्छ, मुनाफाको लागि भएको हुँदैन। सहकारीको मुख्य उद्देश्य आफ्ना सदस्यहरूलाई सेवा र सहयोग गर्नु हो। मुनाफा गर्नु होइन। नेपालमा कसरी सहकारी व्यापारको माध्यम बन्यो, बुझ्न कठिन छ। सहकारी संस्था कुनै व्यापारिक संस्था होइन।

दोस्रो, कुनै पनि सहकारी वा व्यापारिक संस्थाले आफ्नो निक्षेपकर्तालाई उसको निक्षेपमा २५ प्रतिशत ब्याज दिनका लागि उसले गरेको लगानीमा ५० प्रतिशत प्रतिफल (मुनाफा) पाउनुपर्छ। ५० प्रतिशत प्रतिफल पाएमा मात्र उसले २५ प्रतिशत ब्याज दिने क्षमता राख्न सक्छ। आफ्नो सहकारी संस्था सञ्चालनका लागि पनि सो सहकारीले प्रतिफल पाउन आवश्यक हुन्छ।

नेपालको अर्थतन्त्र अति नै सुस्त रहेको स्थितिमा कुनै व्यक्तिले आफ्नो लगानीमा (सहकारी संस्थाबाट) ५० प्रतिशत प्रतिफल आउने स्थिति देख्छ भने त्यस्तो देख्नु ठूलो भूल हो। त्यस्तो भूल गरेर आफ्नो लगानी डुबाउनु हो। आफ्नो लगानी डुबाउनु भनेको आफ्नो स्रोत (निक्षेपकर्ता वा बैंक)हरूको लगानी डुबाउनु हो।

सामान्य स्थितिमा देशको सरकारले व्यवस्थित र प्रभावकारी नियम, कानूनको निर्माण एवं कार्यान्वयन गरेर आफूलाई जनमुखी पारेको स्थितिमा र केन्द्रीय बैंकले राम्रो निगरानी गरेको स्थितिमा कुनै पनि सहकारी संस्थाले आफ्ना निक्षेपकर्ताहरूलाई दिन सक्ने ब्याज केवल पाँचदेखि सात प्रतिशत मात्र हो। यदि यो प्रतिशतभन्दा बढी दरमा ब्याज दिन्छु भन्नु सरासर गलत हो। २५ देखि ३० प्रतिशत ब्याज दिन्छु भन्नु देखादेखी ठगी गर्नु हो। हाम्रो देशमा यस्तै भएको छ। धेरै सहकारी संस्थाले निक्षेपकर्ताहरूलाई उच्चदरमा ब्याज दिन्छु भनेर ठगी गरेका छन्। सहकारी संस्थाहरूले केन्द्रीय बैंकले तोके अनुसार निम्न दरमा आफ्ना निक्षेपकर्ताहरूलाई ब्याज दिनुपर्छ। यो विश्वभर चलेको प्रचलन हो। सहकारी स्थापनाको उद्देश्य मुनाफा गर्नु होइन, सहयोग गर्नु हो। यो कुरा पुनः दोहोऱ्याउनुपर्ने हुन्छ।

ठगी गर्न बजारमा ठगहरू आउनु सामान्य कुरा हो। विशेष कुरा भनेको लगानीकर्ता वा निक्षेपकर्ताहरू सजग हुनु हो। आफूले लगानी गरेको वा गर्न खोजेको सहकारीको आर्थिक स्थिति कस्तो छ ? त्यो सहकारीले कुन क्षेत्रमा लगानी गरेको छ वा कुन क्षेत्रमा लगानी गर्ने उद्देश्य राखेको छ ? सहकारीका सञ्चालकहरूको योग्यता, क्षमता र विश्वनीयताको स्तर कस्तो छ ? देशको अर्थतन्त्रको स्थिति कस्तो छ ? राष्ट्रिय उद्योग र व्यापारको स्थिति कस्तो छ ? सहकारी संस्थामा लगानी वा बचत गर्ने प्रत्येक बचतकर्ता वा निक्षेपकर्ताले माथिका प्रश्नहरूको उत्तर खोज्नु आवश्यक हुन्छ। ससाना निक्षेपकर्ताहरूले त यी प्रश्नहरूको उत्तर खोज्न झनै आवश्यक छ। पेट काटेर, ठूलो परिश्रम गरेर आर्जन गरेको सानो बचत लगानी गर्दा साना बचतकर्ताहरूले आफ्नो बचत सुरक्षित छ वा हुनेछ भनी सोच्न अति आवश्यक छ।

अहिले धेरै निक्षेपकर्ताको सहकारी संस्थाहरूमा गरिएको लगानी डुब्नु वा डुब्ने स्थितिमा हुनु निक्षेपकर्ताहरूले सोचविचार नगरी केवल चर्को ब्याजदरमा प्रतिफल पाउने आसमा लगानी गर्नु हो। लगानी गर्नुपूर्व धेरै सोचविचार नगर्नु हो। राम्रो प्रतिफल (ब्याज) पाउने लोभमा फस्नु हो।

नेपालको सन्दर्भमा सहकारी संस्थाहरूलाई व्यवस्थित एवं सेवामुखी तुल्याउन नेपाल राष्ट्र बैंकले विशेष भूमिका खेल्नुपर्छ। सहकारीहरूले आफ्ना निक्षेपकर्ताहरूलाई दिने ब्याज (दर) नेपाल राष्ट्र बैंकले तोक्नुपर्छ। सहकारी संस्थाहरूले दिने ब्याजदर पनि १० प्रतिशतभन्दा अधिक हुनुहुँदैन। १० प्रतिशतभन्दा बढी दरमा निक्षेपकर्ताहरूलाई ब्याज दिने कार्यलाई नेपाल राष्ट्र बैंकले गैरकानूनी वा अपराध ठहर गर्नुपर्छ। १० प्रतिशत वा राष्ट्र बैंकले तोकेकोभन्दा बढी दरमा ब्याज दिने वा दिन्छु भनी घोषण गर्ने सहकारी संस्थामाथि नेपाल राष्ट्र बैंकले कडा कारबाही गर्नुपर्छ। उसको सञ्चालन अनुमति नै खारेजसमेत गर्नुपर्छ।

नेपाल राष्ट्र बैंकले नियमितरूपमा सहकारी संस्थाहरूले गर्ने आर्थिक कारोबारको निगरानी गर्नुपर्छ। आफूले नसके कुनै अन्य निकायलाई निगरानी गर्ने जिम्मेवारी दिनुपर्छ।

नेपाल राष्ट्र बैंकले सहकारी संस्थाहरूको आर्थिक कारोबारको नियमित निगरानी गर्ने क्रममा अति राम्रो आर्थिक कारोबार गरेको देखिएको सहकारीलाई ‘क’ वर्गको दर्जा दिनुपर्छ। राम्रो गरेकोलाई ‘ख’ वर्गको दर्जा दिनुपर्छ। सामान्य गरेकोलाई ‘ग’ र शङ्कास्पद कार्य गरेकोलाई घ’ वर्गको दर्जा दिनुपर्छ।

आर्थिक कारोबारको क्रममा कुन सहकारी संस्थाले कुन दर्जा (क, ख, ग, घ) पाएको छ भन्ने समाचार नेपाल राष्ट्र बैंकले प्रत्येक महीना आफ्नो कार्यालयहरूमा प्रकाशित गर्नुपर्छ। यो खबर राष्ट्रियस्तरको पत्रिकामा पनि प्रकाशित गर्नुपर्छ। यस्तो गर्न सकिएमा सहकारी व्यवस्थामा ठगहरूलाई बाहिर र राम्रो काम गर्नेहरूलाई भित्र ल्याउन सकिन्छ। नेपालभरिका सहकारीहरूलाई सेवामुखी तुल्याउन सकिन्छ।

यो कुरा पुनः दोहोऱ्याउनुपर्ने हुन्छ। सहकारीको मूल उद्देश्य मुनाफा गर्नु होइन, सेवा गर्नु हो। मुनाफाको व्यापार गर्नेहरूले व्यापारिक बैंक वा वित्तीय संस्थाहरूमा लगानी गरे हुन्छ। निक्षेपकर्ताहरूले पनि यो कुरा थाहा पाउन आवश्यक छ। बढी प्रतिफल पाउने आशा राख्ने निक्षेपकर्ताहरूले पनि व्यापारिक बैंकहरूमा वा अन्य क्षेत्रहरूमा लगानी गरे हुन्छ।

हामीकहाँ सहकारी व्यवस्थाको सदुपयोग होइन दुरुपयोग भएको छ। सहकारीलाई व्यवस्थित गर्न सरकारले तत्काल कदम चाल्न आवश्यक छ। ढिलो गर्नुहुँदैन।

## नेपाल र जापानका कम्पनीबीच सम्झौता

काठमाडौं, २७ भदौ/रासस

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपाल सरकारले सूचना प्रविधि क्षेत्रमा वैदेशिक लगानीलाई




उच्च प्राथमिकता दिएको बताएका छन्।

आइजिसी बिजनेस होल्डिङ नेपाल र केइरिनकन कम्पनी लिमिटेड जापानबीच सूचना प्रविधि (आइटी) क्षेत्रमा संयुक्त लगानीका लागि आज आयोजित सम्झौता कार्यक्रममा उनले भने, “हामी यस क्षेत्रमा लगानी भित्र्याउन आवश्यक सहयोग प्रदान गर्न प्रतिबद्ध छौं र लगानीकर्ताहरूका लागि सकारात्मक वातावरण सिर्जना गर्न सरकार पनि तयार छ।”

मन्त्री भण्डारीले वैदेशिक लगानीकर्तालाई प्रोत्साहन गर्दै सूचना प्रविधि क्षेत्रलाई प्रगति गराउन नेपाल सरकार तयार रहेको कुरामा जोड दिए। उनले यो सम्झौताले दुई राष्ट्रबीचको प्रविधि सम्बन्धमा नयाँ युगको सुरुआतको सङ्केत गरेको उल्लेख गरे।

“यो नयाँ सूचना र प्रविधि उद्यमको स्थापनाको साक्षी हुँदा हामीले व्यापार सम्झौतामा हस्ताक्षर मात्र गर्दैनौं, हामी नेपाल र जापानबीच पुल निर्माण गरिरहेका छौं, प्रत्यक्ष वैदेशिक लगानीले आर्थिक वृद्धि, रोजगार सृजना र प्रविधि तथा ज्ञानको हस्तान्तरणमा सहजीकरण गर्नमा महत्त्वपूर्ण भूमिका खेल्छ, यसले विशेषगरी हाम्रो द्रुत गतिमा अन्तर्राष्ट्रिय लगानी र नवप्रवर्तनका लागि अनुकूल वातावरण सिर्जना गर्ने नेपालको साझेदारी प्रतिबद्धतालाई मूर्तरूप दिन्छ,” मन्त्री भण्डारीले भने।

आइजिसी बिजनेस होल्डिङका अध्यक्ष गणेशमान लामा र केइरिनकन कम्पनी लिमिटेडका अध्यक्ष तथा प्रमुख कार्यक्रम अधिकृत (सिइओ) सतोशी सातोले औपचारिकरूपमा सम्झौतामा हस्ताक्षर गरे। दुवै पक्षले नेपाललाई डिजिटल रूपान्तरणको मार्गमा अघि बढाउन मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

आइजिसीका अध्यक्ष लामाले आजको कार्यक्रम केवल सम्झौतापत्रमा हस्ताक्षरको मात्र नभई नेपाल र जापानबीच सहकार्य, विकास तथा साझा दृष्टिकोणको यात्रा भएको बताए। उनले सूचना प्रविधि क्षेत्रमा यो प्रतिबद्धताले नेपाललाई डिजिटल रूपान्तरण र प्राविधिक नवप्रवर्तनतर्फ लैजाने काममा सहयोग पुऱ्याउने बताए।

केइरिनकनका अध्यक्ष तथा सिइओ सतोशी सातोले पनि यस संयुक्त लगानीप्रति आफ्नो उत्साह प्रकट गर्दै यो सहकार्यले व्यापारिक सम्बन्धलाई मात्रै नभई नेपाल र जापानबीचको गहिरो द्विपक्षीय सम्बन्धलाई पनि मजबूत बनाउने बताए। उनले यस साझेदारीको माध्यमबाट नेपालमा आफ्नो व्यवसाय विस्तार गर्ने इच्छा व्यक्त गरे।

## नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

काठमाडौं, २७ भदौ/रासस

लगातार ओरालो लाग्दै आएको शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार भने उच्च अङ्कले वृद्धि भएको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार शेयर कारोबार हुने साताको अन्तिम दिन आज नेप्से परिसूचक ७८ दशमलव १७ अङ्कले उकालो लागेर दुई हजार ६८८ दशमलव ३८ मा पुगेको हो।



ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १३ दशमलव ४० अङ्कले उकालो लागेर ४७८ दशमलव ४८ मा पुगेको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये आज १२ उपसमूहको शेयर मूल्यमा वृद्धि हुँदा एउटा उपसमूहको शेयर मूल्य भने घटेको छ।

कुल एक करोड ९४ लाख ३३ हजार १५४ कित्ता शेयर रु आठ अर्ब १६ करोड ९२ लाख ७४ हजार ५१२ मूल्यमा कारोबार भएको छ। नेप्सेका अनुसार विन नेपाल लघुवित्त, ग्रीन भेन्चर्स लिमिटेड, इस्टन हाइड्रोपावर, रावा इनर्जीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। त्यस्तै, एशियन हाइड्रोपावरका लगानीकर्ताले नौ दशमलव ९९ प्रतिशतले कमाएका छन्।

श्री स्टार हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले गिरावट भई नकारात्मक सर्किट लागेको छ। सानिमा लार्ज क्याप फन्ड आठ दशमलव ४९, आरबिबी म्युचुअल फन्ड दोस्रो चार दशमलव शून्य एक, सनराइज फस्ट म्युचुअल फन्ड तीन दशमलव ७१ र सानिमा ग्रोथ फन्डका लगानीकर्ताले तीन दशमलव ६५ प्रतिशतले गुमाएका छन्।

## नेपालमा उत्पादित तरकारी कतार निर्यात गर्न शुरू

काठमाडौं, २७ भदौ/रासस

नेपालमा उत्पादन गरिएको तरकारी बिहीवारदेखि कतारमा निर्यात गर्न शुरू गरिएको छ।

चाइना फाउन्डेशन फर रुरल डेभलपमेन्ट नेपाल अफिसको सहयोगमा नेपालको कृषि कार्यक्रम अन्तर्गत पहिलो चरणमा आज काठमाडौंको दक्षिणकाली नगरपालिकाभित्र उत्पादित करीब दुई हजार किलो तरकारी कतार पठाइएको दक्षिणकाली नगरपालिकाका प्रमुख मोहन बस्नेतले जानकारी दिए।

उनले भने, “त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा आज आयोजित कार्यक्रममा नेपालका लागि कतारी राजदूत मिसाल मोहम्मद अली अल अन्सारीलाई तरकारी हस्तान्तरण गरेका छौं।” यसैगरी, कृषि विभागका महानिर्देशक डा नरहरिप्रसाद घिमिरेले नेपालबाट कतारका लागि तरकारी निर्यात हुनु निकै खुशीको कुरा भएको बताए।




ग्रामीण विकासका लागि चाइना फाउन्डेशनको कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत दक्षिणकालीमा तरकारीखेती गरिएको थियो। त्यहाँका किसानले उत्पादन गरेका तरकारी निर्यातसँगै यसले मुलुकको आर्थिक विकासमा पनि टेवा पुग्ने र किसानलाई प्रोत्साहन हुने विश्वास लिइएको छ। तरकारी उत्पादनका लागि ग्रामीण विकासका लागि चाइना फाउन्डेशनले किसानलाई विशेष तालीमका साथै आवश्यक कृषि सामग्रीसमेत उपलब्ध गराएको थियो।

कतारमा नेपाली ताजा तरकारी निर्यात समारोहमा चीनको प्राविधिक तथा आर्थिक सहयोगमा नेपालको कृषि विकासमा महत्त्वपूर्ण पहल भएको बताइएको छ। चाइना फाउन्डेशन फर रुरल डेभलपमेन्टको कृषि प्रवर्द्धन कार्यक्रमद्वारा समर्थित किसानले खेती गरेका विभिन्न बाली समावेश भएका जनाइएको छ। आज कतार पठाइएका तरकारीमा रातो चेरी मिर्च खुर्सानी (अकबरे), फ्ल्याट बीन्स र करेलालगायतका रहेका छन्।

दक्षिणकाली नगरपालिकाका स्थानीय किसानले खेती गरेका उत्पादनले ताजापन र गुणस्तर सुनिश्चित गर्दै कतारको बजारमा मनपर्ने नेपालका लागि कतारी राजदूत अन्सारीले बताए। चाइना

(बाँकी चौथो पातामा)

# समृद्धिको मार्गमा सुरुङमार्ग

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**मुलुकमा सडक, सुरुङमार्ग, पुल, विमानस्थल र सञ्चार सञ्जाललगायतका पूर्वाधारमा लगानी आर्थिक समृद्धिका लागि महत्त्वपूर्ण हुन्छ । सुधारिएको पूर्वाधारले व्यापारलाई सहज बनाउँछ, दुर्गम क्षेत्रहरूलाई बजारसँग जोड्छ र लगानी आकर्षित गर्छ ।**

नेपाल ६८ प्रतिशत पहाड, १७ प्रतिशत हिमखण्ड र १५ प्रतिशत समथर भूभाग भएको मुलुकमा यातायातको सहजता र पानी आपूर्तिका लागि डाँडा, पहाड र खोला ढिस्काको तल सुरुङ खनेर छिटो र छोटो पूर्वाधार बनाउनुलाई अति उत्तम विकासको मोडलको रूपमा लिन सकिन्छ । विकासको काम र यातायातलाई छिटोछरितो बनाउने क्रममा सुरुङमार्ग अति महत्त्वपूर्ण पूर्वाधारको रूपमा लिइन्छ तर सडकमार्गभन्दा यो बढी महँगो भएकोले सबै ठाउँमा सुरुङमार्ग बनाउन महँगो पर्छ । जीमनको तल खन्नुपर्ने भएकोले यो वातावरणीय दृष्टिले दीर्घकालमा भ्क्षयको कारक बन्न सक्ने सम्भावना पनि त्यतिकै रहेको छ । तर पनि नेपालले केही ठाउँमा दुई भूगोललाई छिटो जोड्नका लागि यो पूर्वाधारको आवश्यकता त्यतिकै महत्त्वपूर्ण छ। नेपालको भूबनोटलाई हेर्दा धेरै ठाउँमा सुरुङमार्ग बनाउनुपर्ने आवश्यकता देखिएको छ। एक किलोमिटर सुरुङमार्ग बनाउने खर्चले १५० किमी बाटो बनाउन सकिन्छ । विकासको आधार बजार हो र बजारको आधार उत्पादन हो, यो विषयमा गहन चिन्तन एवं लाभ–लागत विश्लेषण गरेर मात्र सुरुङमार्ग निर्माणको आयोजना छनोट गरिनुपर्छ ।

हुनत सुरुङ निर्माण अति महत्त्वपूर्ण तर आर्थिक, प्राविधिक, वातावरणीय र सबैको दृष्टिबाट जटिल र महँगो परियोजना हो। विश्वमा पहिलो सुरुङमार्ग सन् १८४३ मा बनेको थियो, जसको नाम थ्याम्स टनेल हो । नेपालमा पनि आजभन्दा झन्डै एक सय वर्ष अघि चन्द्रशम्शेर जबराकै पालामा थम्सन युनिभर्सिटीमा अध्ययन गरेर फर्केका इन्जिनीयर डिल्लीजङ्ग थापाले हेटौंडानजीकैको चुरियामा निर्माण गरेको ७६१ फिट लम्बाइको सुरुङलाई नेपालको ऐतिहासिक सुरुङ मानिन्छ । दक्षिण एशियामैं सुरुङ नभएका बेला बेलायती ढाँचामा निर्माण गरिएको त्यो नेपालको पहिलो सडक यातायातका लागि बनाइएको सुरुङ १० फिट अग्लो थियो। पछिल्लो सयमा मुलुकमा सम्भावना देखिएका १७ वटा सुरुङमार्गको पहिचान गरी भौगर्भिक अध्ययन गर्ने कार्य क्रमशः अघि बढिसकेको छ । मुलुकमा सडकबाहेक खानेपानी, सिंचाइ र विद्युत् आयोजनासमेतका लागि करीब २७५ किमी सुरुङ निर्माण भइसकेको छ तर सवारीसाधन गुड्ने अत्याधुनिक सुरुङमार्गका रूपमा नागढुङ्गा रहनेछ । नौबिसे–थानकोट सडकखण्डको पिपला घुम्ती उकाल्न र त्यहाँ सडक चौडा गर्न नमिल्ने धरातलीय अवस्थाले राज्यलाई नागढुङ्गा सुरुङ निर्माणका लागि बाध्य बनाएको हो। यसरी नेपालको सडकलाई 'सुरुङ युग'मा प्रवेश गराउने महत्त्वाकाङ्क्षी आयोजनाका रूपमा हेरिएको नागढुङ्गा सुरुङमार्ग छिचोलिसकेको छ। धादिङको सिस्नेखोला र काठमाडौंको चन्द्रागिरि नगरपालिका–१ मा रहेको टोटीपाखामा यो सुरुङमार्ग जोडिएको हो । नागढुङ्गाको घुमाउरो सडक र जामबाट आजित भएका नागरिकलाई सुरुङमार्ग निर्माण भएपछि थप सहज हुने विश्वास लिइएको छ। दुई दशमलव आठ किमी लामो छिचोलिएको यो सुरुङमार्गमा एक वर्षपछि नियमितरूपमा सवारी आवागमन हुने जनाइएको छ। जापानिज निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेशनले ठेक्का पाएको सो सुरुङमार्ग निर्माणको कुल लागत झन्डै २२ अर्ब रुपैयाँ रहेको छ। यो सुरुङमार्ग निर्माण भएपछि सङ्घीय राजधानी काठमाडौं जोड्ने जीवनरेखा नागढुङ्गाको जामबाट यात्रुले मुक्ति पाउनेछन् । यो सुरुङ सञ्चालनमा आएसँगै यात्रामा समयका हिसाबले ४० मिनेट बचत र दूरीका हिसाबले साढे चार किमी कम हुनेछ। दशकौं पहिलेको सवारी चापलाई मध्यनजर गरेर बनाइएको साँघुरो सडकले अहिलेको सवारी चाप धान्न सकेको थिएन । नागढुङ्गामा बनेको छोटो सुरुङमार्गले मुलुकको पूर्वाधार विकासमा नयाँ आशा पलाएको छ । यसको प्रशंसा गरिराख्नेभन्दा यस्ता सुरुङमार्ग देशमा अन्य भागमा विस्तार गरेर पहाडी सडकलाई सुरक्षित र छोटो बनाउनु अहिलेको आवश्यकता हो।

हुनत सिंचाइ, विद्युत् र पर्यटकीय हिसाबले महत्त्वपूर्ण मानिएको सुनकोशी–मरिन डाइभर्सन आयोजनाको सुरुङमार्ग पनि छिचोलिएको छ । सिन्धुलीको कमलामाई नगरपालिका–२ स्थित कुसुमटारदेखि सुनकोशी गाउँपालिका–७ स्थित कान्द्रुङ्ग्रीसम्मको करीब १३.३ किलोमिटर दूरीको यो सुरुङमार्ग नेपालको व्यावसायिक सुरुङमार्ग 'ब्रेक थ्रु'को यो दोस्रो संस्करण हो। यस अघि नागढुङ्गा–सिस्नेखोला सुरुङमार्गको 'ब्रेक थ्रु' भइसकेको छ । सुनकोशी–मरिन बहुउद्देश्यीय आयोजना सिन्धुलीमा बने पनि यो धेरै जिल्लाका लागि फलदायी हुने विश्वास लिएको छ । आयोजना अन्तर्गत सुनकोशीको पानी मरिन खोलामा खसालिन्छ, जसबाट दक्षिणका बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषाका एक लाख २२ हजार हेक्टर जमीनमा सिंचाइ सुविधा पुग्ने आयोजनाको भनाइ छ । जसबाट खाद्य असुरक्षा सामना गरिरहेको नेपाल खाद्यान्नमा आत्मनिर्भर हुन सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ। विद्युत् उत्पादन यो आयोजनाको अर्को महत्त्वपूर्ण पाटो हो । कान्द्रुङ्ग्रीस्थित सुनकोशी नदीमा ३० मिटर उचाइ र १५८ मिटर लम्बाइको बाँध बाँधेर कुसुमटारस्थित मरिन खोलामा पानी खसालिने योजना रहेको छ । जसबाट ३१ मेगावाट विद्युत् निकालिनेछ । तर यो कार्य भने आयोजनाका दोस्रो चरणमा हुने बताइएको छ । जसबाट नेपालको विद्युत् क्षमता विकास भई बहुआयामिक फाइदा हुने अनुमान गर्न सकिन्छ। यही आयोजनाछेउबाटै निर्माण भएको मदन भण्डारी राजमार्गले पूर्वी नेपालबाट एकैपटक हेटौंडा निस्की त्यहाँबाट सुरुङ मार्ग हुँदै छोटो समयमा राजधानी प्रवेश गर्न पनि सकिन्छ। बाह्य र आन्तरिक पर्यटकका लागि करीबकरीब भर्जिन क्षेत्र भएकोले यो राजमार्ग र आयोजना क्षेत्रको दृश्यावलोकन, अध्ययन र घुमफिरका लागि पनि नयाँ गन्तव्य बन्न सक्नेछ । एकपछि अर्को सुरुङमार्ग छिचोलिंदै जानु विकासको गतिमा लम्किरहेको नेपालका लागि सकारात्मक मान्नुपर्छ। अर्कोतर्फ अहिले सुरुङमार्ग छिचोलिएको मात्र हो। फिनिसिङलगायतका काम गर्न अझै एक वर्ष लाग्ने अनुमान छ। त्यसैले ब्रेक थ्रु भएका सुरुङमार्गलाई सञ्चालनमा ल्याउन सकिने गरी कार्य अघि बढाउनुपर्ने चुनौती सरकारसमक्ष छ । अर्कोतर्फ पहाडैपहाडयुक्त मुलुकमा यिनै सुरुङमा चित्त बुझाउने अवस्था पनि छैन। हुनत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार तीन दर्जनभन्दा बढी सुरुङमार्ग कुनै अध्ययन र कुनै निर्माणका चरणमा छन्। जस्तो सिद्धार्थ राजमार्गको बुटवल–तानसेन खण्डको सिद्धबाबा क्षेत्रमा सुरुङमार्ग खन्न थालिएको छ। धरान–लेउती, टोखा–छहरे सुरुङमार्ग पनि निर्माण थालिने क्रममा छन्। यो अत्यन्त खुशीको कुरा हो र हुनु पनि पर्छ । वास्तवमा कुनै पनि काम थालनी गर्नु आफैंमा आधा उपलब्धि हो तर नेपालको सन्दर्भमा थालनीबाहेक सम्पन्न हुनु पनि ठूलै उपलब्धि मान्नुपर्ने अवस्था छ। थालिएको दशकौंसम्म पनि सम्पन्न नहुने समस्याले यहाँका धेरै आयोजना थलिएका छन् । सम्पन्न कतिपय काम पनि चाँडै बिग्रने, भत्कने जस्ता नियतिबाट ग्रस्त छन् । त्यसैले सवाल थाल्नु, सम्पन्न हुनुभन्दा पनि त्यो गुणस्तरीय छ कि छैन भन्ने पनि बन्ने गरेको छ । यी वास्तविकतालाई ध्यान दिई अब यस्ता महत्त्वपूर्ण कार्यलाई दिगो बनाउन गुणस्तरमा पनि उत्तिकै ध्यान दिनुपर्छ।

मुलुकमा सडक, सुरुङमार्ग, पुल, विमानस्थल र सञ्चार सञ्जाललगायतका पूर्वाधारमा लगानी आर्थिक समृद्धिका लागि महत्त्वपूर्ण हुन्छ । सुधारिएको पूर्वाधारले व्यापारलाई सहज बनाउँछ, दुर्गम क्षेत्रहरूलाई बजारसँग जोड्छ र लगानी आकर्षित गर्छ । जसले गर्दा सार्वजनिक–निजी साझेदारी र वैदेशिक लगानीले पूर्वाधार विकासलाई गति दिन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। समग्रमा सुरुङमार्ग निर्माणमा स्थानीय जनसमुदायको अत्यधिक प्रतिनिधित्व हुने गरी आर्थिक समृद्धि तथा विकासको रणनीतिलाई व्यावहारिकरूपमा लागू गर्नुपर्छ । यसले विकासोन्मुख मुलुकको पङ्क्तिबाट नेपाललाई क्रमशः विकासशील तथा विकसित मुलुकका लागि यात्रा तय गर्न सहज हुन्छ । पूँजी नभएर देश विकसित नभएको होइन, भएको पूँजीको उचित व्यवस्थापन गरी उत्पादनमुखी क्षेत्रमा लगानी गर्दै मुलुकमा नै रोजगारको अवसर सिर्जना गर्न नसक्नु नै हो। त्यसैले गुणस्तरीय सुरुङमार्गको निर्माणमा जोड दिंदै अहिलेको विप्रेषणमुखी अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्दै लैजानुपर्छ ।

## मकवानपुरमा ६१० उद्योग बन्द

बाग्मती, २७ भदौ/रासस

आर्थिक मन्दीलगायत कारणले मकवानपुरमा आर्थिक वर्ष २०८०/८१ मा ६१० वटा उद्योग बन्द भएका छन्।

मकवानपुर उद्योग तथा वाणिज्य





कार्यालयका अनुसार आव २०८०/८१ मा उद्योगतर्फ २६८ र वाणिज्यतर्फका ३३६ उद्योगले लगत कट्टा गराएका छन् । आव २०७९/८० मा मकवानपुरमा उद्योग र वाणिज्यका २८३ वटा उद्योगको लगत कट्टा गरिएको थियो ।

आर्थिक मन्दी, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पूँजीको अभावलगायत कारणले उद्योगहरूको लगत कट्टा बढेको कार्यालय प्रमुख रामप्रसाद भुसालले बताए ।

मकवानपुरमा आव २०८०/८१ मा नयाँ उद्योग र वाणिज्यतर्फको व्यवसायी दर्ता घटेको छ। सो आवमा उद्योगतर्फ ३६६ र वाणिज्यतर्फ ३३५ गरी ७०१ नयाँ उद्योग दर्ता भएका कार्यालय प्रमुख भुसालले बताए । आव २०७९/८९ मा उद्योगतर्फ ५७९ र वाणिज्यतर्फ ४३० गरी एक हजार नौ उद्योग व्यापार दर्ता भएका थिए ।

आव २०८०/८१ मा उद्योगतर्फ ४६ वटा उद्योगको नामसारी, २४ वटा ठाउँसारी, एक हजार १०८ वटा नवीकरण, ४९८ वटाको पूँजी वृद्धि गरिएको थियो ।

सो अवधिमा वाणिज्यतर्फ १९ वटा उद्योगको नामसारी, ३१ वटा उद्योगको ठाउँसारी, ८५८ वटा उद्योगको पूँजी वृद्धि, एक हजार ४२२ वटा उद्योगको नवीकरण भएको छ ।

नयाँ उद्योग दर्ता, नवीकरण, लगत कट्टालगायत शीर्षकबाट यस अवधिमा रु तीन करोड २२ लाख ४९ हजार ९१० राजस्व सङ्कलन भएको प्रमुख भुसालले बताए ।

## 'क्रेडिट रेटिङपछि लगानीका लागि थप अनुकूल'

काठमाडौं, २७ भदौ/रासस

नेपालको सार्वभौम साख मूल्याङ्कन (सोभरेन क्रेडिट रेटिङ)का लागि नेपाल आएको मूल्याङ्कन टोलीले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग भेट गरेको छ ।

भेटका अवसरमा अर्थमन्त्री पौडेलले क्रेडिट रेटिङले नेपालमा आर्थिक विकास र व्यावसायिक वातावरण तयार पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

उनले क्रेडिट रेटिङ सम्पन्न भएपछि लगानीकर्तालाई नेपालमा पूर्वाधारलगायत क्षेत्रमा लगानी गर्न थप अनुकूल वातावरण बन्ने बताएका छन् । साख मूल्याङ्कनका लागि 'फिच क्रेडिट रेटिङ' कम्पनीको टोली नेपाल आएको हो ।

टोलीमा सहभागीहरूले नेपालमा राजस्व परिचालन, पूँजीगत खर्च, सार्वजनिक ऋण, वैदेशिक सहयोग परिचालनलगायत विषयमा चासो व्यक्त गरेका थिए ।



## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा

१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल

२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०

३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता

४. डा. श्यामसुन्दर दास

५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता

२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज

३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक

२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम

२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम

३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७

डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज

डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता

प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज

डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क

डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर

डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०

**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।

सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३


**नेपालमा ...**

फाउन्डेशन फर रुरल डेभलपमेन्ट (सिएफआरडी) नेपालको कार्यालय चीनबाट सफल ग्रामीण विकास अभ्यासलाई नेपाली समुदायमा हस्तान्तरण गर्न अग्रपङ्क्तिमा रहेको छ।

नेपाली समुदायभित्र जीवनस्तर उकास्ने मुख्य लक्ष्यका साथ सिएफआरडीले शुरूमा प्लम्बिङ र इलेक्ट्रिशियनको व्यावसायिक तालीममार्फत सीप विकासमा ध्यान केन्द्रित गरेको जनाइएको थियो ।

यसैगरी, २०२३ मा उक्त फाउन्डेशनले काठमाडौं जिल्लाको तारकेश्वर नगरपालिकामा बेमौसमी तरकारी उत्पादनमा विशेष तालीम प्रदान गरेर दिगो विकासलाई प्रवर्द्धन गर्न सहयोग गरेको आजको कार्यक्रममा जानकारी दिइएको थियो ।



**कतार पठाउन व्यवस्थापन गरिएको तरकारी**: कतार पठाउन व्यवस्थापन गरिएको काठमाडौंको दक्षिणकाली नगरपालिकाका किसानले उत्पादन गरेको तरकारी। चाइना फाउन्डेशन फर रुरल डेभलपमेन्ट नेपाल अफिसको सहयोगमा उक्त तरकारी आज हिमालयन एअरलाइन्सबाट कतार पठाइयो। तस्बिर: विमलबहादुर विष्ट/रासस

# अन्तर्राष्ट्रिय समाचार

## ‘विश्वको आधाभन्दा बढी जनसङ्ख्याको सामाजिक सुरक्षामा पहुँच’




जेनेभा, २७ भदौ/एएफपी

विश्वव्यापीरूपमा पहिलोपटक आधाभन्दा बढी जनसङ्ख्याको कुनै न कुनै प्रकारको सामाजिक सुरक्षामा पहुँच भएको संयुक्त राष्ट्रसङ्घले बिहीवार जनाएको छ। यद्यपि अझै पनि जलवायु परिवर्तनको प्रभावलगायत अन्य विषयको न्यूनीकरण आवश्यक रहेको राष्ट्रसङ्घले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)ले हालै सार्वजनिक गरेको एक प्रतिवेदन अनुसार विश्वको ५२.४ प्रतिशत जनसङ्ख्याले सामाजिक सुरक्षाको लाभ प्राप्त गरेको छ। विश्वको आधाभन्दा बढी मानिसहरूले सामाजिक सुरक्षामा आफ्नो पहुँच सुनिश्चित गरेको यो पहिलो रेकर्ड हो।

“यो स्वागतयोग्य प्रगति हो। तर अप्रकाशित वास्तविकता यो पनि हो कि अझै पनि ३.८ अर्ब मानिसहरू पूर्णरूपमा असुरक्षित छन्,” विश्वव्यापीरूपमा तीन चौथाइभन्दा बढी बालबालिकाको अझै पनि कुनै पनि किसिमको सामाजिक सुरक्षा प्राप्त नगरेको जानकारी गराउँदै आइएलओले आफ्नो प्रतिवेदनमा भनेको छ।

आइएलओले सामाजिक सुरक्षा क्षेत्रमा स्वास्थ्य सेवामा पहुँच र विशेष गरी बुढ्यौली, बेरोजगारी, रोगी, अशक्तता, प्रसूति वा परिवारमा मुख्य आम्दानी गर्ने व्यक्तिको मृत्युका साथै बच्चा भएका परिवारहरूका लागि सम्बन्धित आय सुरक्षा उपायहरूको पहुँच समावेश गरेको छ।

“सामाजिक सुरक्षाको सन्दर्भमा विश्वमा रहेका भिन्नता हटाउन ढिलो भइरहेको छ,” आइएलओले चेतावनी दिएको छ। “यही गतिमा विश्वका हरेक मानिसलाई कम्तीमा एउटा सामाजिक सुरक्षामा समावेश गराउन थप ४९ वर्ष लाग्नेछ,” प्रतिवेदनमार्फत चेतावनी दिइएको छ।

आइएलओ प्रमुख गिल्बर्ट होङ्बोले जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित विश्वका धेरै देशमा देखिएको सामाजिक सुरक्षा दरमा विशेष चिन्ता व्यक्त गरेका छन्। “यस सङ्कटको सबैभन्दा क्रूर परिणाम भोगिरहेका देश वातावरणीय र जीविकोपार्जनका परिणामहरू सामना गर्न अक्षम छन्,” उनले भने।

जलवायु सङ्कटको सबैभन्दा जोखिममा रहेका २० देशका कुल ९१.३ प्रतिशत जनसङ्ख्या अझै पनि कुनै पनि प्रकारका सामाजिक सुरक्षाको अभाव छन्, बिहीवार सार्वजनिक भएको प्रतिवेदनले जनाएको छ।

आइएलओले सार्वजनिक गरेको प्रतिवेदनले सामाजिक लाभले मानिसलाई आय सुरक्षा र स्वास्थ्य सेवामा पहुँचजस्ता कुराहरू सुनिश्चित गरेर जलवायुसम्बन्धी आघात अनुकूल बनाउन र सामना गर्न मदत गर्न सक्छ भन्ने कुरा औंल्याएको छ।

आइएलओले विश्व हाल दुई धेरै फरक र भिन्न सामाजिक सुरक्षा मार्गहरूमा रहेको चेतावनी दिएको छ।

उच्च आय भएका देशहरूको लगभग ८६ प्रतिशत जनसङ्ख्या सामाजिक सुरक्षाको पहुँचमा छन्। उच्च–मध्यम–आय भएका देशका ७१.२ प्रतिशत जनसङ्ख्याले सामाजिक सुरक्षाको लाभ लिइरहेका छन् भने कम–मध्यम–आय भएका देशको ३२.४ प्रतिशत जनसङ्ख्या सामाजिक सुरक्षाको पहुँचमा रहेको प्रतिवेदनले जनाएको छ।

उचच आय भएका देशहरूले सामाजिक सुरक्षाको क्षेत्रमा आफ्नो कुल गार्हस्थ उत्पादनको १६.२ प्रतिशत खर्च गर्छन् भने जलवायु परिवर्तनको जोखिममा रहेका देशसहित कम आय भएका देशहरूले मात्र ०.८ प्रतिशत खर्च गर्छन्।

गरीब देशहरूलाई कम्तीमा आधारभूत सामाजिक सुरक्षा सुनिश्चित गर्न एक वर्षमा थप तीन खर्ब आठ अर्ब ५० करोड डलर चाहिन्छ र त्यो लक्ष्यमा पुग्न अन्तर्राष्ट्रिय समर्थनको आवश्यकतामा आइएलओले जोड दिएको छ। रासस

## चीनको मन्दीको कारण विश्वव्यापी इन्धनको माग न्यून

पेरिस, २७ भदौ/एएफपी

चीनको आर्थिक मन्दीको कारण सन् २०२० पछि सन् २०२४ को पहिलो अर्धवार्षिकसम्ममा विश्वव्यापी तेलको माग सबैभन्दा सुस्त गतिमा बढेको अन्तर्राष्ट्रिय ऊर्जा निकाय (आइइए)ले बिहीवार जनाएको छ।

सन् २०२३ को पहिलो छ महीनामा इन्धनको माग २३ लाख ब्यारेल प्रतिदिन रहेकामा सन् २०२४ को सोही अवधिमा यो माग प्रतिदिन आठ लाख ब्यारेलमा पुगेको आइइएले आफ्नो मासिक तेल बजारको प्रतिवेदनमा जनाएको छ।

मन्दीको मुख्य कारण सुस्त भएको चिनियाँ अर्थतन्त्रमा जुलाईमा लगातार चौथो महीनाको लागि उपभोग दरमा सङ्कुचित आएको आइइएले जनाएको छ।

विश्वको शीर्ष उपभोक्ता र तेलको आयातकर्तामध्ये एक विश्वको दोस्रो ठूलो अर्थतन्त्र, चीन कमजोर उपभोक्ता खर्च, घरजग्गा कारोबारमा आएको सङ्कट र उच्च बेरोजगारीको बीचमा सङ्घर्ष गरिरहेको छ।

जिवावशेष इन्धनको सट्टा वैकल्पिक ऊर्जातर्फ रूपान्तरण गर्ने चीनको नीति पनि इन्धन खपतमा न्यूनता आउनुमा जिम्मेवार रहेको आइइएले जनाएको छ।

विद्युतीय सवारीको बढ्दो बिक्रीले सडक सवारीका लागि खर्च हुने इन्धनको माग घट्दा उच्च गतिको रेल सञ्जाल विकासले चीनको घरेलु हवाई यात्रालाई सीमित गरिरहेको आइइएले जनाएको छ।

विश्वव्यापी तेलको माग औसतमा नौ लाख ब्यारेल प्रतिदिनले बढ्ने पूर्वानुमान गरिएको छ, जुन अघिल्लो अनुमानभन्दा करीब ७० हजार ब्यारेल प्रतिदिनले कम हो। यसले कुल माग लगभग १० करोड ३० लाखमा झार्छ।

‘ग्लोबल इकोनोमिक आउटलुक’ले यस वर्ष तेलको मूल्य घट्ने निष्कर्ष निकालेको छ। यस हप्ता अन्तर्राष्ट्रिय मापदण्ड अनुसार ब्रेन्ट नर्थ सीबाट प्रशोधन हुने इन्धन डिसेम्बर २०२१ पछि पहिलोपटक प्रतिब्यारेल ७० डलरभन्दा तल झरेको छ।

मूल्यमा आएको गिरावटले साउदी अरब र रूससहित तेल उत्पादन तथा प्रशोधन गर्ने राष्ट्रहरूको ओपेक समूहले प्रमुख सदस्यहरूलाई नियोजित उत्पादन वृद्धि स्थगित गरी यसको सट्टा नोभेम्बरको अन्त्यसम्म स्वेच्छिक आपूर्ति कटौती विस्तार गर्न प्रेरित गरेको छ।

अन्तर्राष्ट्रिय ऊर्जा विभागले अर्को वर्षका लागि मागको सम्भावनाको थप मूल्याङ्कन गर्न केही समय लाग्ने बताएको छ।

तर गैरओपेक राष्ट्रहरूबाट आपूर्तिमा समग्र मागभन्दा छिटो बढ्दै जाँदा, समूहले यसको अतिरिक्त प्रतिबन्धहरू कायम रहे तापनि पर्याप्त अधिशेषतिर हेरिरहेको हुन सक्ने जनाइएको छ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

**सार्वजनिक ...**

अपनाउनुपर्ने नीतिबारे सरकारलाई सुझाव दिनेलगायत विषय परिषद्को काम, कर्तव्य र अधिकारभित्र राखिएका छन्।

त्यस्तै, सार्वजनिक सेवा प्रसारण संस्थामा एक कार्यकारी समिति रहने व्यवस्था विधेयकमा राखिएको छ। सरकारले खुल्ला प्रतिस्पर्धाका आधारमा छनोट गरी नियुक्त गरेको व्यक्ति समितिको अध्यक्ष रहनेछन्। त्यस्तै, सञ्चार मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत र मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक महिलासहित तीनजना सदस्य रहने विधेयकमा उल्लेख छ। कार्यकारी समितिका अध्यक्ष सार्वजनिक सेवा प्रसारण संस्थाको कार्यकारी प्रमुख हुनेछन् भने प्रमुख प्रशासकीय अधिकृतले कार्यकारी समितिको सचिव भई काम गर्नेछन्। अध्यक्षको पदावधि पाँच वर्षको हुनेछ।

विधेयकमा कार्यकारी समितिको अध्यक्ष र सदस्यको योग्यता तोकिएको छ। अध्यक्षको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी पत्रकारिता, मानविकी, व्यवस्थापन, सूचना प्रविधि वा प्रसारणसम्बन्धी इन्जिनीयरिङ क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। त्यस्तै, सदस्यको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी टेलिभिजन, रेडियो वा प्रसारण प्रविधिको क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव प्राप्त गरेका व्यक्ति हुनुपर्नेछ। अध्यक्ष र सदस्यका लागि तोकिएको योग्यतामा नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको र आमसञ्चार संस्थाको पदाधिकारी, सञ्चालक वा सम्पादक नरहेको हुनुपर्नेछ।

कार्यकारी समितिले सार्वजनिक सेवा प्रसारण संस्थाको वार्षिक नीति, योजना कार्यक्रम र बजेट स्वीकृत गर्नेछ। त्यस्तै, संस्थाको वार्षिक प्रतिवेदन परिषद्मा पेश गर्ने, संस्थाको आचारसंहिता, मापदण्ड तथा निर्देशिका जारी गर्ने, समग्र व्यवस्थापनको रेखदेख, सुपरीवेक्षण तथा नियन्त्रण गर्ने, सम्पादकीय स्वतन्त्रता र निष्पक्षताको संरक्षणका लागि आवश्यक कार्य गर्नेलगायत काम, कर्तव्य र अधिकार तोकिएका छन्।

दुई संस्था गाभिएर बन्ने सार्वजनिक सेवा प्रसारण संस्थाको आफ्नो छुट्टै कोष रहने व्यवस्था विधेयकमा राखिएको छ। उक्त कोषमा सङ्घ, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान, विदेशी सरकार वा विदेशी सङ्घसंस्थाबाट प्राप्त रकम र सार्वजनिक सेवा प्रसारण संस्थाको आम्दानीबाट प्राप्त रकम जम्मा हुने व्यवस्था राखिएको छ। विदेशी सरकार वा विदेशी सङ्घसंस्थाबाट रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति भने लिनुपर्नेछ।

विधेयकमा स्रोत तथा दर्शक समूह गठन गर्न सकिने व्यवस्थासमेत राखिएको छ। “सार्वजनिक सेवा प्रसारण संस्थाले प्रसारण गरेको कार्यक्रम तथा समाचारको सम्बन्धमा आवश्यक राय, सल्लाह, सुझाव लिनका लागि श्रोता तथा दर्शक समूह गठन गर्न सकिनेछ,” विधेयकमा भनिएको छ। यस्तो समूहका कम्तीमा एक महिलासहित तीनजना परिषद्मा रहनेछन्।

त्यस्तै, प्रसारण फ्रिक्वेन्सीको पहिलो प्राथमिकतामा सार्वजनिक सेवा प्रसारण संस्थालाई राखिनुपर्ने पनि विधेयकमा उल्लेख छ। सरकारले यस्तो संस्थालाई उपलब्ध गराउने प्रसारण फ्रिक्वेन्सीमा कुनै शुल्क लाग्नेछैन।

यो विधेयक प्रमाणीकरण भएर ऐनका रूपमा लागू भएपछि ऐन प्रारम्भ हुँदाका बखत नेपाल टेलिभिजन र रेडियो नेपालमा स्वीकृत दरबन्दीलाई सार्वजनिक सेवा प्रसारण संस्थाको आवश्यकता र औचित्यका आधारमा पुनरावलोकन गरी दरबन्दी पुनर्संरचना गरिनेछ। ऐन कार्यान्वयनमा जाँदाको बखत नेपाल टेलिभिजन र रेडियो नेपालमा कार्यरत स्थायी कर्मचारी मिल्दो दरबन्दी अनुसार पद, तह र श्रेणीमा समायोजन हुनेछन्। करारमा नियुक्त वा सम्झौता भई कार्यरत कर्मचारीको हकमा संस्थाको आवश्यकता अनुसार मात्र व्यवस्थापन गरिने विधेयकमा उल्लेख गरिएको छ।

संस्थाका लागि सिर्जना गरिएको दरबन्दी बमोजिम मिल्दो पद, तह र श्रेणीमा समायोजन हुन नसकेका कर्मचारीलाई निजको बाँकी अवधि गणना गरी अवकाश दिने व्यवस्था विधेयकमा राखिएको छ। समायोजन भएका कर्मचारीको सेवासुविधा खाईपाई आएको सेवासुविधाभन्दा कम हुनेछैन भने नेपाल टेलिभिजन र रेडियो नेपालको अहिलेको सम्पत्ति तथा दायित्व संस्थाको नाममा सर्नेछ।

विधेयकको प्रस्तावनामा संविधानद्वारा प्रदत्त नागरिकको विचार र अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हक प्रत्याभूत गर्न, तटस्थ, निष्पक्ष, तथ्यपरक र वस्तुनिष्ठ सूचना, समाचार, शिक्षा मनोरञ्जनात्मक कार्यक्रम उत्पादन र प्रसारण गरी राष्ट्रिय एकता एवं राष्ट्रिय हित प्रवर्द्धन गर्न तथा समावेशी लोकतन्त्रको सुदृढीकरण गर्न जनउत्तरदायी सार्वजनिक सेवा प्रसारण संस्थाको स्थापना र सञ्चालनका लागि यो कानून आवश्यक रहेको उल्लेख छ।

सार्वजनिक सेवा प्रसारण संस्थाका कार्य पनि विधेयकमा राखिएका छन्। यस्तो संस्थाले सार्वजनिक सरोकार र नागरिकका आवश्यकता अनुसारको विषयमा कार्यक्रम उत्पादन तथा प्रसारण गर्नेछ। नागरिकको सूचनाको हक कार्यान्वयनका लागि मुलुकका सबै भूभागमा प्रसारण सेवाको पहुँच पुऱ्याउन संस्थाले काम गर्नेछ। सूचना सम्प्रेषणद्वारा राष्ट्रभाषा, लोपोन्मुख मातृभाषा, कला संस्कृति र सभ्यताको संरक्षण तथा प्रवर्द्धनका लागि यो संस्थाले भूमिका खेल्नेछ।

जनस्वास्थ्य, जनहित, वातावरण, जलवायु परिवर्तन, विपद् र अन्य आपत्कालीन अवस्थासम्बन्धी सूचना तथा पूर्वजानकारी प्रवाह गरी जनचेतना जगाउने काम सार्वजनिक सेवा प्रसारण संस्थाले गर्नेछ।

सचेतना र मनोरञ्जनात्मक कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने, ज्ञानविज्ञान र प्रविधि प्रवर्द्धन गर्ने, कृषि पर्यटन र प्राकृतिक स्रोतजस्ता विषयमा खोजमूलक तथ्य प्रचारमा ल्याइ रोजगारमूलक कार्यक्रम प्रवर्द्धन गर्दै नेपालको अर्थव्यवस्थालाई सबल बनाउन सहयोग पुऱ्याउने कार्यक्रम प्रसारण गर्ने संस्थाका रूपमा सार्वजनिक सेवा प्रसारण संस्थालाई विकास गर्न खोजेको विधेयकको व्यवस्थाबाट प्रस्ट हुन्छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष: राज्यलाभ | वृष: वादविवाद |
| मिथुन: व्यापारलाभ | कर्कट: शत्रुभय |
| सिंह: ज्ञानोदय | कन्या: भयचिन्ता |
| तुला: राज्यलाभ | वृश्चिक: अतिथिआगमन |
| धनु: सुयश | मकर: खर्चवृद्धि |
| कुम्भ: मनोरञ्जन | मीन: कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

नेपाल राष्ट्र बैंक

वीरगंज कार्यालय

**तोडाचलानका लागि सवारीसाधन (बस, ट्रक तथा जीप) भाडामा लिनेबारेको पुन: सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथमपटक प्रकाशित मिति : २०८१/०५/१२)
(दोस्रोपटक प्रकाशित मिति : २०८१/०५/२८)

नेपाल राष्ट्र बौक, वीरगंज कार्यालयको कार्य क्षेत्र अन्तर्गतका नोट कोष/भारु कोष रहेका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका तोकिएका शाखाहरूमा तथा नेपाल राष्ट्र बैंकका विभिन्न विभाग तथा कार्यालयहरूमा तोडाचलान (Fund Transfer) कार्यको लागि आवश्यक परेको बखत सवारीसाधन (बस, ट्रक तथा जीप) भाडामा लिनुपर्ने भएकाले सम्झौता भएको मितिबाट शुरू भई मिति २०८२ असार मसान्तसम्मका लागि सवारीसाधन (बस, ट्रक तथा जीप) भाडामा दिन इच्छुक कालोसूचीमा नपरेका फर्म/कम्पनीहरूबाट निम्न शर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र फाराम यस बैंकको वीरगंज कार्यालयबाट पछि फिर्ता नहुने गरी रु १,०००|०० (अक्षरेपि एक हजार मात्र) ना.नो.आ.हि. फुटकर अन्य आम्दानी हिसाब (१७०००००/०३०/०१२/५२४)मा मिति २०८१/०६/०४ गते मध्याह्न १२:०० बजेभित्र नगद जम्मा गरी यस बैंकको वीरगंज कार्यालयबाट खरीद गर्न सकिनेछ।
२. यो सूचना दोस्रोपटक प्रकाशित भएको मितिले ८औं दिन मिति २०८१/०६/०४ गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो ०१:०० बजेभित्र यस बैंकको वीरगंज कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ। यस कार्यालयबाट खरीद गरेको आधिकारिक दस्तखत र छाप भएको फाराममा सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।
३. यो सूचना दोस्रोपटक प्रकाशित भएको मितिले ८औं दिन मिति २०८१/०६/०४ गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो ०२:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बैंकको वीरगंज कार्यालयमा दरभाउपत्र खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिनेछैन।
४. सिलबन्दी दरभाउपत्रका साथ बिड जमानतबापत रु २५,०००|( (अक्षरेपि पच्चीस हजार मात्र) यस बैंकको सन्ड्री क्रेडिटर्स धरौटी हिसाब (१७०९९९९/०११/००४/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरेको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न हुनुपर्नेछ।
५. सिलबन्दी दरभाउपत्रसम्बन्धी अन्य शर्तहरू दरभाउपत्र फाराम, सार्वजनिक खरीद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरीद विनियमावली, २०७१ (पाँचौं संशोधन, २०७९ समेत)मा उल्लेख भएबमोजिम हुनेछ।
६. यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, वीरगंज कार्यालय, आन्तरिक प्रशासन फाँट (फोन नं ०५१ ५९११६६ एक्सटेन्सन ११४)मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।
७. यो सूचना बैंकको वेबसाइट www.nrb.org.np मा समेत प्रकाशित गरिएको छ।

नेपाल राष्ट्र बैंक
वीरगंज कार्यालय
वीरगंज, पर्सा

# विश्राम गर्ने छुट सरकारलाई छैन –प्रम ओली

प्रस, वीरगंज, २७ भदौ/

प्रधानमन्त्री केपी शर्मा ओलीले निर्धारण गरेको लक्ष्य अनुसार काम गर्न



सङ्घीय सरकारका मन्त्रीहरूलाई निर्देशन दिएका छन्।

मन्त्रीहरू र मुख्य सचिवसँग बिहीवार कार्यसम्पादन सम्झौता गर्न आयोजना गरिएको कार्यक्रममा प्रधानमन्त्री ओलीले के गर्छौं भन्ने कुरा थाहा नहुँदासम्म काम गर्न नसकिने बताए। त्यसैले कति समयमा कति काम गर्ने भन्ने कुराको लक्ष्य निर्धारण गर्न मन्त्रीहरूसँग कार्य सम्झौता गरेको ओलीले स्पष्ट पारे। हामी टीम स्प्रीटमा काम गर्छौं, एकअर्कालाई सहयोग गर्छौं, देशप्रति जिम्मेवार भएर अत्यन्त वफादारिताका साथ काम गर्छौं, जनताका बृहत्तर हितहरूमा, लोकतन्त्रको रक्षाका लागि, समाजमा शान्ति सुव्यवस्थाका लागि, देशमा सुशासन र समृद्धिको यात्रालाई गतिशीलताका साथ अगाडि बढाउनका लागि हामी सहमत छौं र हामी प्रतिबद्ध छौं, प्रम ओलीले भने।

उनले बिस्तारै सुविधासँग काम गर्ने विगतको अभ्यास भएपनि अहिले ढिलो गर्ने र विश्राम गर्ने सुविधा सरकारलाई नभएको बताए। हामीले अत्यन्तै तीव्र गतिले काम अगाडि बढाउनुपर्नेछ, हाम्रो गतिमा तीव्रता चाहिन्छ, काममा योजनाबद्धता चाहिन्छ र एकअर्कामा पारस्परिक सहयोग चाहिन्छ, प्रम ओलीको भनाइ थियो।

एउटा मन्त्रालय र अर्को मन्त्रालयबीच समन्वय गरेर काम गर्न आग्रह गर्दै कुनै पनि कुरामा नक्कल नगर्न सचेत गरे। कसले कुन काम गर्ने भन्ने कुरामा स्पष्ट भएर समन्वयका साथ काम गर्न उनले आग्रह गरे।

## भारतीय जाली नोटसहित दुईजना पक्राउ

सुग्रीव साह, भिस्वा, २७ भदौ/



सीमावर्ती बजार सिकटास्थित भारतीय सुरक्षा बल (एसएसबी)ले भारतीय जाली नोटसहित दुईजना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

बुधवार साँझ नेपालको भिस्वाबाट मोटरसाइकलमा सिकटातर्फ जाँदै गरेका दुईजनालाई चेकजाँच गर्दा उनीहरूबाट भारु ५०० का २० थान नोट बरामद भएको र बरामद नोटहरू जाली भएको पाइएपछि उनीहरूलाई एसएसबीले नियन्त्रणमा लिएको थियो।

पक्राउ परेका दुईजना नरकटियागंज शिकारपुर थाना क्षेत्र अन्तर्गत सोफवा गाउँ निवासी दीपक तिवारी र सर्फुद्दीन आलम रहेका एसएसबीका सहायक सेनानायक गुलाबकुमार चौधरीले बताए। उनले मानिस र जाली नोटलाई सिकटा प्रहरीको जिम्मा लगाएर कारबाही प्रक्रिया अगाडि बढाइएको बताए। सिकटा थानाध्यक्ष राज रोशनले प्रारम्भिक अनुसन्धानमा दुवैजना भारतीय जाली नोटका कारोबारी भएका र उनीहरू सीमावर्ती क्षेत्रमा जाली नोट सञ्जाल विस्तारमा लागेका बुझिएको बताए। पक्राउ परेका तिवारी र आलमलाई कानून बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइएको थानाध्यक्ष रोशनले बताए।

## वृद्धाश्रमलाई खाद्यान्न सहयोग

प्रस, वीरगंज, २७ भदौ/

उपकार सेवा नेपालले ठोरी गाउँपालिका–भगवाननगरस्थित



वृद्धाश्रमलाई खाद्यान्न सहयोग गरेको छ।

उपकार सेवा नेपालकी अध्यक्ष विद्याकुमारी सरावगीले बिहीवार आश्रममा पुगेर चामल, दाल, चिउरा, भुजा, लुगाधुने–नुहाउने साबुन, फिनेल, नून, चाउचाउ, खानेतेल, सानो–ठूलो डाइपर, धूलो धनिया, खुर्सानी, जीरा, सेनिटरी प्याड, सर्फ, हार्पिक, बिस्कुटलगायतका सामग्री सहयोग गरेकी थिइन्। उनले खाद्यान्न र दैनिक उपभोग्य सामग्री वृद्धाश्रमका सदस्य रामबहादुर थिङलाई हस्तान्तरण गरेकी थिइन्।

वृद्धाश्रममा हाल २३ जना बालबालिका र वृद्धवृद्धाहरू आश्रित छन्।

## जसपा नेपालद्वारा ज्ञापन

प्रस, वीरगंज, २७ भदौ/

जनता समाजवादी पार्टी नेपाल पर्साले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री र मुख्यमन्त्रीलाई ज्ञापन बुझाएको छ।

जसपा नेपाल पर्साका अध्यक्ष रामनरेश यादवले बुधवार प्रजिअ दिनेशसागर भुसालमार्फत राजदूत नियुक्तिमा समावेशिता हुनुपर्ने भन्दै सङ्घीय सरकारका प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको बताए।

यसैगरी, मधेस प्रदेशमा रहेका विश्वविद्यालयहरूको लागि यथोचित बजेट विनियोजन गर्न मुख्यमन्त्रीको ध्यानाकर्षण गराइएको बताए।




## गाँजासहित एकजना पक्राउ

प्रस, पोखरिया, २७ भदौ/

इलाका प्रहरी कार्यालय, पोखरियाको टोलीले बिहीवार बिहान छापा मारी लागूऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ।

इप्रका, पोखरियाका प्रहरी निरीक्षक राजन ढकाल नेतृत्वको टोलीले बहुदरमाई नगरपालिका–३ पद्मौलस्थित नसिरुद्दीन देवानको घरमा छापा मारी १५ किलो लागूऔषध गाँजा बरामद गरेको थियो।

गाँजा बरामद भएपछि नसिरुद्दीनका छोरा रफिक देवानलाई प्रहरीले पक्राउ गरेको थियो। पक्राउ परेका रफिकलाई इप्रका, पोखरियामा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## १९० विद्यार्थीलाई ब्याग वितरण

प्रस, पोखरिया, २७ भदौ/

विन्ध्यवासिनी गाउँपालिका



कार्यालयको सहयोगमा नेराप्रावि मधवलका विद्यार्थीहरूलाई स्कूल ब्याग वितरण गरिएको छ।

विद्यालयमा बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत १९० जना विद्यार्थीलाई स्कूल ब्याग वितरण गरिएको प्रधानाध्यापक मुकुलेश गद्दीले बताए। गापा उपाध्यक्ष ज्योति चौरसियाले ब्याग वितरण गर्दै विद्यालयमा विद्यार्थीहरूलाई नियमित उपस्थिति गराउने उद्देश्यले र उनीहरूका किताब, कापीहरू सुरक्षित पार्ने उद्देश्यले ब्याग वितरण गरिएको बताइन्।

# खेलकूदको संसार

## महिला फूटबलः आर्मीको जीत

काठमाडौं, २७ भदौ/रासस

विभागीय टोली त्रिभुवन आर्मी फूटबल क्लबले बाग्मती युवा क्लबलाई पराजित गर्दै महिला लिग फूटबल प्रतियोगितामा जीत हासिल गरेको छ।



सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको खेलमैदानमा बिहीवार भएको खेलमा आर्मीले बाग्मती युवा क्लबलाई ३–० गोलले पराजित गर्दै विजयी भएको हो। जीतसँगै चार खेलमा नौ अङ्क जोडेको आर्मी दोस्रो स्थानमा उक्लिएको छ। लगातार तेस्रो खेलमा पराजित बाग्मती समान खेलबाट तीन अङ्कका साथ अङ्कतालिकाको सातौं स्थानमा छ।

यस अघि सङ्कटा क्लब र सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको आर्मीले विभागीय प्रतिद्वन्द्वी एपिएफसँग भने हार बेहोरेको थियो। यस अघि सुदूरपश्चिमलाई हराएको बाग्मती, कोशी प्रदेश र विभागीय टोली नेपाल पुलिस क्लबसँग पराजित भएको थियो।

आज आर्मीको जीतमा विमला चौधरी र अमिशा कार्कीले समान एक/एक गोल गरे भने एक गोल आत्मघाती भएको थियो। खेलको २६औं मिनेटमा विमलाको गोलमार्फत आर्मीले पहिलो अग्रता लियो। त्यस्तै, खेलको ६१औं मिनेटमा अमिशाले टोलीको अग्रता दोब्बर बनाइन्। खेलको ९०औं मिनेटमा बाग्मतीकी सञ्जी थिङबाट आत्मघाती गोल भएसँगै आर्मीले बाग्मतीमाथि ३–० को सहज जीत दर्ता गर्‍यो।

## तेक्वान्डो खेलाडी गुभाजुलाई सम्मान

प्रस, वीरगंज, २७ भदौ/



वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले वीरगंजका तेक्वान्डो खेलाडी सागर गुभाजुलाई बिहीवार सम्मान गरेका छन्।

वीरगंज महानगरपालिका निवासी गुभाजुले तेक्वान्दो खेलमा नेपालको राष्ट्रिय टीमबाट अन्तर्राष्ट्रियस्तरमा सहभागी भएर विभिन्न देशमा खेल खेलेका र स्वर्णलगायतका पदक हासिल गरेकामा आज उनलाई आफ्नै कार्यालयमा सम्मानित गरेका हुन्। नगरप्रमुख सिंहले खादा ओढाएर प्रमाणपत्रसहित खेलाडी गुभाजुलाई सम्मान गर्दै खेलमा अझै प्रगति गरेर वीरगंज र देशको नाम विदेशमा फैलाउन शुभकामना दिएका थिए।

## आहा ! रारा गोल्डकप घाटामा

गण्डकी, २७ भदौ/रासस

सहारा क्लब पोखराले गत वर्ष माघमा आयोजना गरेको २३औं संस्करणको आहा ! रारा गोल्डकप फूटबल प्रतियोगिता घाटामा गएको छ।

क्लबले बिहीवार पत्रकार सम्मेलनमार्फत प्रतियोगिता आयोजना गर्दा रु १५ लाख ३८ हजार ४६६ घाटा भएको जनाएको हो। क्लबका अध्यक्ष केशवराज बरालले आर्थिक मन्दीका कारण प्रायोजन रकम कम जुटेपछि खर्च धान्न नसकिएको बताए।

“२३औं संस्करणमा अघिल्लो संस्करणको भन्दा दुई टोली बढी थपिए, केही विदेशी टोली पनि ल्याउनुपर्दा खेलाडीको दैनिक भ्रमण भत्तालगायतमा बढी खर्च भयो,” उनले भने, “प्रतियोगितामा नियमित प्रायोजन गर्दै आएका केही व्यापारिक प्रतिष्ठानले गत वर्ष क्लबसँगको सहकार्य टुटाएका कारण पनि बढी व्ययभार थपिन पुग्यो।” प्रतियोगिताको इतिहासमा पहिलोपटक क्लबले घाटा बेहोर्नुपरेको अध्यक्ष बरालले बताए।

प्रतियोगितामा कुल आम्दानी रु ९९ लाख ९५ हजार ४५१ र खर्च रु एक करोड १५ लाख ३३ हजार ९१७ भएको उनको भनाइ छ। उक्त प्रतियोगितामा प्रायोजनतर्फ रु ५६ लाख ७५ हजार २०७ आम्दानी भएको अर्थ सङ्कलन उपसमितिका संयोजक सुनील गुरुङले जानकारी दिए।

हिम श्री फूड्स प्रालिले रु २२ लाख २५ हजार, पोखरा महानगरपालिकाले रु १० लाख, गण्डकी प्रदेश खेलकूद परिषद्ले रु पाँच लाखलगायत गरी १४ सङ्घसंस्था र व्यापारिक प्रतिष्ठानले प्रतियोगितामा प्रायोजन गरेका थिए।

टिकट शुल्कबाट रु २६ लाख ३६ हजार ६१३ सङ्कलन भएको जनाइएको छ। खर्चतर्फ सबैभन्दा बढी खेलाडीको दैनिक भ्रमण भत्तामा ३९ लाख ७३ हजार ४५७ खर्च भएको अर्थ सङ्कलन उपसमितिका संयोजक गुरुङले बताए। प्रोत्साहन खर्चबापत रु १९ लाख ६२ हजार, आयोजक खर्च रु ११ लाख ५७ हजार र आयोजक टीम तयारी खर्च रु पाँच लाख ६३ हजार ७४० भएको क्लबले जनाएको छ। विभिन्न १८ शीर्षकमा उक्त रकम खर्च भएको हो।

क्लबका अध्यक्ष बरालले बजारमा देखिएको आर्थिक मन्दी र राष्ट्रिय फूटबल खेलाडीको विदेश पलायनले फूटबलको रौनक घट्दै गएकाले प्रतियोगिता सञ्चालनमा चुनौती थपिंदै गएको बताए। क्लबले विगत २४ वर्षदेखि उक्त प्रतियोगिता आयोजना गर्दै आएको छ। मोफसलको प्रतिष्ठित उक्त प्रतियोगिताको २३औं संस्करणको विजेता त्रिभुवन आर्मी क्लब र उपविजेता श्री स्टार क्लब बनेको थियो।



## डेङ्गीबाट बच्ने उपायहरू ?

- लामखुट्टेको टोकाइबाट डेङ्गी लाग्न सक्दछ,
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्यालढोकामा जाली र सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अँध्यारा कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- एयर कुलर, पानी टङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू नियमित सफा गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड